# परिच्छेद एक

# अनुसन्धानको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि एवं परिचय

जनताको अद्वितीय सहभागिताबाट २०६३ मा जनआन्दोलन भाग २ ले नेपालीले त के सम्पूर्ण विश्वले सोच्नै नसक्ने नेपालको राजतन्त्रात्मक शासन प्रणालीलाई भत्काई दिने अवस्थाको सृजना हुनपुग्यो । जनताको व्यापक सहभागिता र देशका सबैजसो दलहरु एवं नागरिक समाज, बुद्धिजीवी, प्राध्यापक शिक्षक लगायत समाजका सबै पक्षहरुको व्यापक सहभागिताले आधुनिक नेपालको निर्माणदेखी नै देशलाई आफ्नो शासन गर्ने थलो ठान्ने शाहवंशीय शासनलाई इतिहासमा खोज्नुपर्ने अवस्थाको नयाँ बातावरण देखापर्‍यो (दाहाल, २०६३) । राजा बर्हिगमनको निर्णय कार्यानवयन गर्नको लागि संविधान सभाको बैठकलाई कुर्नुपर्‍यो, तर त्यसको पूर्वाधार भने पहिले नै तयार भइसकेको थियो । नेपाल राष्ट्रले आफ्नो परापूर्वकालदेखि मध्ययुग र आधुनिक युग सबैमा राजालाई राष्ट्रप्रमुखको रुपमा स्वीकारीरहेको अवस्थामा जनआन्दोलन पश्चात पुनस्थापित संसदले २६ अप्रिल २००६ मा निर्वाचित गरेका तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पछाडी राष्ट्रप्रमुखको रुपमा पनि शपथ खुवाइयो । यसरी हेर्दा नेपाल निरन्तर राजतन्त्रात्मक मुलुकको रुपमा रहेको अवस्थामा जनआन्दोलन र त्यसले तय गरेको मार्गचित्रका आधारमा तयार भएको संविधान सभाले आधुनिक नेपालको निर्माणबाट निरन्तर रुपमा कहिले सकृय त कहिले संवैधानिक रुपमा कार्य गरिराखेको राजतन्त्रको विधिवत अन्त्य भयो (दाहाल, २०६४) ।

राजाको औपचारिक विदाइ पछाडि संसदको समेत जिम्मेवारी पाएको संविधान सभाले शुरुमा अन्तरिम राष्ट्रध्यक्षको रुपमा तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई जिम्मेवारी प्रदान गर्‍यो त्यसपछाडि संसदले कांग्रेस नेता रामवरण यादवलाई २१ जुलाई २००८ मा गणतन्त्र नेपालको प्रथम राष्ट्रपतिको रुपमा निर्वाचित गर्‍यो । यसपछि संविधान सभाको ठुलो दल ने.क.पा. माओवादीका तत्कालिन अध्यक्ष पुष्पकमल दहाल, एमाले एवं फोरम नेपाल लगायत केही साना दलको समर्थनबाट १५ अगष्ट २००८ मा प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो (IRIN Asia, 2011)। यस विकसित घटना क्रमसंगसंगै राष्ट्रपतिको भूमिकाको विषयमा राजनीतिक पार्टीहरुको वीचमा एक खाले मतभिन्नता कायम भइराख्यो । राष्ट्रपतिको भूमिकाको विषयमा अन्तरिम संविधानले व्यवस्था गरेतापनि

तत्कालिन प्रधानसेनापति रुक्मांगत कटुवाललाई हटाउने सवालमा राष्ट्रपति र प्रधानमन्त्रीमा शक्तिको प्रयोगको विषयमा विवाद पुरै सतहमा आएपछाडी मुख्यतया ने.क.पा. माओवादी र केही स्वतन्त्र बुद्धिजीवी लगायतले राष्ट्रपतिको कदमको विषयमा आलोचनाको साथ राष्ट्रपतिको अधिकार क्षेत्रको विषयमा समकालिन नेपाली समाजमा एउटा बहसको थालनी शुरु भयो ।

यस अर्थमा नेपालका राष्ट्रप्रमुखको जिम्मेवारी प्राप्त राष्ट्रपतिले जनताको लोकतन्त्रको प्रति विश्वास जगाई राख्न र लोकतन्त्रले मात्र सबै समस्याको समाधान गर्न सक्दछ भन्ने विश्वास दिलाउन खेल्नुपर्ने भूमिकाको नेपाली समाजको लागि अध्ययनको विषय हुन पुगेको छ ।

## १.२ समस्या कथन

सामान्यतया गणतन्त्र शब्दले राजाविनाको राज्यव्यवस्था जनाउँदछ । शुरु शुरुमा गणतन्त्र शब्दले राज्य भन्ने जनाउथ्यो । दुई हजार पाँच सय वर्ष अगाडि प्लेटोले रिपब्लिक गणतन्त्र लेख्दा राज्यको अर्थमा लेखेका थिए (en.wikipedia.org/wiki/republic) । नेपालमा पनि ईशापूर्व ५०० अगाडिको बुद्धकाल र किराँतकालमा राज्यप्रमुख निर्वाचित हुने राज्यलाई गणतन्त्र वा गणराज्य भनिन्थ्यो र त्यो राज्यप्रमुखलाई गणपति भनिन्थ्यो । सरल हिसाबले हेर्दा गण भनेको समूह हो, जसले कुनै व्यक्तिको होइन, समूह वा गणको शासन अर्थात गणतन्त्र भन्ने बुझ्न सकिन्छ । सामान्तवादको समाप्ति र पूँजीवादको स्थापनाको पहिलो शर्त नै गणतन्त्र हो । वास्तवमा गणतन्त्र पनि एउटा लोकतान्त्रिक राज्यप्रणाली हो तर संसारमा देखिएका कतिपय राजाविनाका गणतन्त्रात्मक राज्यव्यवस्थाहरु पनि एक दलीय सैनिक तानाशाली फाँसीवादी देखिएकाले त्यसलाई स्पष्ट पार्न राज्यतन्त्रको अन्त्यपछिको राज्य व्यवस्थामा कुनै पनि निरङ्कुशता र अधिनायकवाद होइन । जनताको शासन अर्थात् बहुदलीय प्रतिस्पर्धात्मक शासन भएको लोकतन्त्र रहनेछ भन्ने मान्यताका आधारमा लोकतान्त्रिक गणतन्त्र भनिएको हो (अधिकारी, २०६३) ।

ऐतिहासिक कालखण्डबाटै नेपालीले आफूलाई संसारकै वीरशाली एवं धैर्यवान भनेर आफ्नो परिचय दिइराखेको अवस्था आजपर्यन्त पनि कायम नै रहिरहेको छ । खासगरी जनताको चाहना लोकतन्त्रको उच्चतम अभ्यास गर्ने परिपार्टीको सुरुवात गर्ने श्रेय भनेर नेपालीले आफूले सार्वभौमसत्ता सम्पन्न हुन गरेका विभिन्न आन्दोलनहरु वि.स. २००७, २०४६ र २०६२/०६३ लाई जान्छ । खासगरी वि.स. २०६२/०६३ को आन्दोलनले नेपाली

जनतालाई पूर्णरुपमा सार्वभौमसत्ता सम्पन्न बनायो । तत्कालिन समस्यामा राज्य संचालनको विविध गतिविधिमा संलग्न हुनेले कहिलेकाही अलोकप्रिय कार्यहरु पनि गर्नुपर्दछ र कहिले त जनताको आलोचना पनि सहनुपर्ने, विरोधको स्थितिको सामना पनि गर्नुपर्ने हुन्छ । यस अर्थमा दैनिक क्रियाकलापसंग जोडिने व्यक्ति, संस्था कहिल्यै पनि विवाद भन्दा बाहिर रहन सक्दैन । बरु ती दैनिक गर्नुपर्ने काम नगराईकन सवैतिरबाट सम्मानित रुपमा राख्नको लागि, सल्लाह सुझाव प्रदान गर्न राष्ट्रको अभिभावकको रुपमा राष्ट्रपतिको भूमिकालाई स्वीकार गर्दा उचित हुने धारणा आममानिसका सार्वजनिक अभिव्यक्तमा देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रपतिलाई संवैधानिक रुपमा राज्य प्रमुखको रुपमा स्वीकारेको छ । तर राष्ट्रपतिका अधिकार क्षेत्रका विषयमा राजनीतिक बृतमा एउटा विवाद कायम रहिरह्यो । राष्ट्रपतिको अधिकार क्षेत्र र भूमिकाको विषयमा उठेका विविध प्रश्नहरु नै यस शोधकार्यका लागि विषयवस्तु हुन । जसलाई यसरी उल्लेख गर्न सकिन्छ ।

क) राष्ट्र प्रमुखको रुपमा देशमा राजाको ठाउँमा राष्ट्रपति किन आवश्यक पऱ्यो ?

ख) जनताको बुझाइमा राष्ट्रपतिको भूमिका के-कस्तो रहेको छ ?

## १.३ उद्धेश्यहरु

प्रत्येक अध्ययनले सम्बन्धित विषयवस्तुको मापन गर्ने र त्यसको गहिराई पत्ता लगाउने कार्य गर्दछ । यस अर्थमा यस अध्ययनले पनि विषयवस्तुको गहिराइसम्म पुग्ने कार्य गर्दछ । यस अध्ययनमा राष्ट्रपतिको भूमिकालाई केन्द्रमा राखिएको हुनाले यसले उनको भूमिकाको विषयमा खोज गर्नेछ । खासगरी जनताले आफ्नो शक्तिको प्रयोगको लागि निर्वाचित गरेको सर्वोच्च निकाय राष्ट्रपतिको कार्य प्रणालीलाई कसरी बुझेका छन् त्यसको बारेमा जानकारी प्राप्त गर्ने यसको उद्देश्य रहेको छ । मुख्यतया यस शोधकार्यको उद्धेश्यलाइ यसरी उल्लेख गर्न सकिन्छ ।

क) राष्ट्रपतिको भूमिकाको विषयमा जनताको धारणालाई विश्लेषण गर्नु,

ख) राष्ट्रपति एवं शासकीय स्वरुपको बारेमा सुझाव प्रस्तुत गर्ने ।

## १.४ अनुसन्धान विधि

अनुसन्धान विधि आफैमा एउटा प्रत्येक शोधको मुख्य भाग हो । यसले शोधलाई वास्तवमै प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । शोध त्यतिबेला मात्र आफ्नो कार्यमा सफल रहन्छ जतिबेला यसले उपयुक्त विधिको उपयुक्त प्रयोग गर्न सक्दछ ।

### १.४.१ अनुसन्धानको ढाँचा

यो अध्ययन विवरणात्मक एवं विश्लेषणात्म रहेको छ । ऐतिहासिक तथ्यहरु एवं स्थलगत क्षेत्रबाट प्राप्त सूचनालाई विश्लेषण गरिएको छ ।

### १.४.२ तथ्याङ्क, सूचनाको प्रकृति

तथ्याङ्क एवं सूचनाको श्रोत प्राथमिक एवं द्वितीय रहेका छन् । खासगरी शासकीय प्रणलीम जनता एवं राष्ट्रपति प्रति जनताको धारणालाई अध्ययन क्षेत्रमा गएर संकलन गरिएको छ । ऐतिहासिक पृष्ठभूमि लगायत अन्यभाग द्वितीय श्रोतमा निर्भर रहेको छ ।

### १.४.३ तथ्याङ्क संकलन विधि

प्राथमिक सूचना एवं तथ्याङ्क प्राप्त गर्नको लागि प्रश्नावली तयार गरेर सम्बन्धित उत्तरदातालाई भेटेर संकलन गरिएको छ । त्यस्तैगरी उपलब्ध साहित्यबाट आवश्यक सूचनाहरु, तथ्यहरु लिइएको छ ।

### १.४.४ उत्तरदाता छनोट विधि

प्राथमिक तथ्याङ्क संकलनको लागि पोखरा वडा नं. ८ लाई लिएको छ । जस अन्तर्गत पर्ने वगाले टोललाई छनोट गरी उत्तरदाता छनोट गरिएको छ । नमूना संकलन गर्दा व्यवस्थित नमूना छनोट विधिलाई अपनाइएको छ । यसमा नमूना अन्तरालको लागि तल उल्लेखित सूत्र प्रयोग गरिएको छ ।

$$\text{नमूना अन्तराल } (K) = \frac{\text{जनसंख्याको आकार } (N)}{\text{नमूनाको आकार } (n)}$$

पहिलो नमूनाको लागि साधरण दैविक नमूना विधि अपनाइएको छ भने त्यसपछाडी नमूना अन्तराल (K) का फरकमा नमूनाहरु संकलन गरिएको छ ।

### १.४.५ तथ्याङ्क प्रस्तुति र विश्लेष्ण

प्राथमिक श्रोतबाट प्राप्त तथ्याङ्कलाई SPSS विधिको प्रयोग गरी कोडिङ्ग, टेवुलेसन र विश्लेषण गरिएको छ । तालिकाहरु, चार्टहरु व्याख्या र विश्लेषण गरिएको छ । त्यस्तै गरी द्वितीय स्रोतबाट प्राप्त सूचना एंव जानकारीलाई शोधको आवश्यकता अनुसार विशलेषण गरिएको छ ।

## १.५ पूर्व कार्यहरुको समीक्षा

पूर्व कार्यहरुको समीक्षाले शोधलाई दिशा दिनको लागि योगदान गर्दछ । सम्बन्धित क्षेत्रमा भएको खाली ठाउँलाई पनि शोधले पूर्ण गराउन सहयोग गर्दछ । यस अर्थमा यस भागको विशेष भूमिका छ । केही पूर्व कार्यहरुलाई यसरी उल्लेख गर्न सकिन्छ ।

अधिकारी (२०६३) ले आफ्नो पुस्तक संविधानसभा लोकतन्त्र र पुर्नसंरचना (२०६३) मा लोकतन्त्रको आगमनमा नेपालमा भएको परिवर्तनलाई प्रस्तुत गरेका छन् । उनका अनुसार आधुनिक राज्यको निर्माण भएपछि नै राजसंस्थाले कहिले स्वेच्छाचारी भएर अहिले अर्ध संवैधानिक भएर त कहिले राजाहरुको छहारीमा विगत २३८ वर्ष देखि नै शासन गरे तर राजाले आफ्नो अनुकूलको वातावरण सृजना गरेर प्रजातन्त्र माथि पटक पटक आक्रमण गरिरहे । यस अवस्थामा जनतालाई सैनिक, धार्मिक वा सर्वहारा वर्गको नामको कुनै पनि अधिनायकवादलाई स्वीकार गर्ने अवस्था छैन । यस अर्थमा देशलाई लोकतान्त्रिक गणतन्त्रको अवस्थामा लैजानुपर्ने हुन्छ ।

कुँवर (२०६५) ले आफ्नो शोध नेपालको अन्तरिम संविधान, २०६३ मा प्रधानमन्त्रीको स्थान एक अध्ययनमा प्रधानमन्त्रीलाई सरकार प्रमुखको रुपमा उनलाई अन्तरिम संविधान २०६३ बाट प्राप्त अधिकारलाई उल्लेख गरेका हुन । यो संविधान पूर्व र यो लागु भएपछाडिका विविध आयामहरुलाई समेटने प्रयास गरिएको छ उनको शोधमा ।

डाहल (२००५) ले आफ्नो पुस्तक प्रजातन्त्रको वारेमा प्रजातन्त्र प्राप्तिको ऐतिहासिक रुपरेखा, विभिन्न मापदण्डमा प्रजातन्त्र, संविधानहरु, राजनीतिक संस्थाहरु निर्वाचनप्रणालीको विषयमा निकै गहन तरीकाले विश्लेषण गरेका छन् । उनको पुस्तकको अध्याय १० अन्तर्गत राखिएको संविधानहरु मध्ये भागमा राष्ट्रपतिय र संसदीय प्रणालीका सरकारको विषयमा उल्लेख छ । जसअनुसार राष्ट्रपतिय प्रणालीमा व्यवस्थापिकाबाट स्वतन्त्र रहने गरी प्रमुख कार्यकारीको चुनाव गरिन्छ र संविधानले त्यस पदमा महत्वपूर्ण अधिकारहरु स्थापित गरेको हुन्छ । संसदीय प्रणालीमा प्रमुख कार्यकारी संसदबाट चुनिन्छन र संसदले नै उनलाई

पदबाट हटाउन सक्छ । राष्ट्रपति प्रणालीको सरकार रहने प्रसिद्ध उदाहरण अमेरिका हो भने संसदयि सकारको प्रसिद्ध उदाहरण वेलायत हो ।

अमेरिकी संवैधानिक महासभाका प्रतिनिधिहरुले सन् १७८७ मा राष्ट्रपति प्रणालीको आविष्कार गरेका थिए । अधिकांश प्रतिनिधिहरुले वेलायतको संविधानको प्रशंसा गरेका थिए किनकी त्यसमा शक्ति पृथकीकरणको सिद्धान्त अपनाइ न्यायपालिकालाई व्यवस्थापिका र कार्यपालिका दुवैबाट स्वतन्त्र राखिएको, कार्यपालिकाबाट स्वतन्त्र व्यवस्थापिका र व्यवस्थापिकाबाट स्वतन्त्र कार्यपालिका (राजतन्त्र) रहेको थियो । प्रतिनिधिहरुले वेलायती संविधानको नक्कल गर्न खोजेको भए पनि राजतन्त्रलाई ठाउँ दिने कुरा नभएकोले उनीहरुलाई कार्यकारी प्रश्न सुल्झाउन निक्कै कसरत गर्नुपऱ्यो । यसका लागि कुनै ऐतिहासिक उदाहरण नभएकोले दुई महिना लामो छलफलबाट कार्यकारीको रुपमा राष्ट्रपतिको परिकल्पना गरियो ।

दाहाल (२०६४) ले आफ्नो लेख नेपालमा राज्य  निर्माण र सामाजिक रुपान्तरणमा राज्यको विविध रुपको बारेमा उल्लेख गरेका छन् । १७६९ मा नेपाली राज्य स्थापना भएदेखि १९७० को दशकसम्म समाजको अधिसंरचनाको रुपमा राज्यले जातिय सामाजिक ढाँचामा रुपान्तरण गर्न सक्रिय भूमिका खेल्यो । २३८ वर्ष पुरानो राजतन्त्र पनि निरंकुश, बन्दी संसदीय, सक्रिय, संवैधानिक, सक्रिय र निलम्बित जस्ता विभिन्न प्रक्रियाबाट गुज्रियो । खासगरी शुरुवाती दिनहरुमा नयाँ राज्यलाई चिनाउने गुण एउटै शासकको अधिनमा भूमिको एकिकरण, केन्द्रिकृत, फौज, प्रशासनिक, शक्तिको विस्तार र जनताप्रति उत्तरदायित्व बहन लगायतका थिए ।

न्यौपाने (२०६३) ले आफ्नो शोधमा नेपालमा संवैधानिक राजतन्त्रको सैद्धान्तिक तथा व्यवहारिक पक्षमा संवैधानिक राजतन्त्रको इतिहास लगायत तत्कालिन समयसम्मको राजनीतिक विकासकक्रमको चित्रण गरेका छन् । देशको राजनीतिमा राजतन्त्रको भूमिका प्रति नै यो शोध समर्पित देखिन्छ ।

बराल (2006) ले जर्नल अफ पोलिटकल साइन्स, पृ.ना.क्या. मा आफ्नो अनुसन्धानात्मक लेख जनआन्दोलन-२, को सन्देशः समावेशी लोकतन्त्र र राज्यको पुर्नसंरचनामा जनआन्दोलन-१ ले जनताको समावेशीकरण तर्फ जनतामा जागरुकता जगाएतापनि त्यसको पूर्ण वातावरण भने जनआन्दोलन-२ ले बनाएको बताएका छन् ।

भूर्तेल (२०६७) ले नेपालका वर्तमान राष्ट्रपति रामवरण यादवको जीवनका विषयमा आफ्नो पुस्तक टाकुरामा एक्लो मान्छेमा सविस्तार रुपमा उल्लेख गरेका छन् । यसमा उनले राष्ट्रपतिले जनकपुरको सपही गाउँमा जन्मेर गणतन्त्र नेपालको राष्ट्रपति भएर जिम्मेवारी सम्हाल्दा सम्मका उनका जीवनका उतारचढावलाई उल्लेख गरेका छन् । साथै राष्ट्रपतिको रुपमा कार्यभार सम्हाल्दा उनले राष्ट्रपति एकता, हिमाल पहाड तराईको वीचको अन्योन्याश्रित सम्बन्धमा जोड दिएका सम्बोधनहरुलाई मुख्यतया उल्लेख गरेका छन् । त्यस्तै तत्कालीन प्रधानसेनापति प्रकरणमा भएको राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकारी अधिकारको प्रयोगको सम्बन्धमा भएको विवादलाई पनि उल्लेख गरेका छन् ।

संग्रौला (२०६४) ले आफ्नो पुस्तक नेपालका राजनीतिक समस्या विश्लेषण र रुपान्तरणका प्रक्रियाहरुमा समकालिन राजनीतिको विश्लेषण गरेका छन् । लोकतान्त्रिक गणतन्त्रमा बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली बालिग मताधिकार, आवधिक निर्वाचन विधिको शासन, वाक तथा प्रेस स्वतन्त्रता, मानवअधिकार लगायतका आधारभूत गुणहरु हुनुपर्दछ । नेपालीपनको लोकतान्त्रिक गणतन्त्रमा जनताको प्रतिनिधित्व, समानतामा आधारित राज्यव्यवस्था र दरिद्रताको अन्त्य भएको समृद्ध नेपालजस्ता विशेषताहरु हुनुपर्दछ ।

यसरी अध्ययन गर्दा जनआन्दोलन २ पछाडिको लोकतन्त्रको विकासको लागि विविध खाले अध्ययनहरु भएका छन् । यस अध्ययनले पनि नेपालको लोकतन्त्रको एउटा महत्वपूर्ण भागमा रहेको राष्ट्रप्रतिको भूमिकालाई विश्लेषण गर्ने प्रयास गरेको छ ।

## १.६ अनुसन्धानको औचित्य र महत्व

यो अध्ययन राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ गरिएको छ । आधुनिक नेपालको निर्माण पूर्ण र पछाडि पनि निकै लामो समयसम्म देश राजतन्त्रात्मक शासनव्यवस्थामा रहयो । राजाले गल्ती गर्दैनन् भन्ने भावनालाई सदैव आत्मसाथ गर्ने नेपालीले राजालाई भगवान विष्णुको अवतारको रुपमा स्वीकार्ने परिपाटी देशमा विधमान रहयो । यसमा नेपालीहरुको अशिक्षा पनि एउटा मूल कारण थियो भन्ने उल्लेख गर्नु यहाँ सान्दर्भिक नै हुन्छ । यस्तो अवस्थामा नेपाली जनताले आफूलाई वास्तवमै सार्वभौमसत्ता सम्पन्न बनाउन सामन्तवादको प्रमुख राजा र उनका सहयोगीहरुसंग लामो लडाई लड्नुपर्‍यो । खासगरी २००७, २०४६ ले नेपालको राजतन्त्रलाई कमजोर बनायो । त्यसपछिको २०६२/६३ को आन्दोलनले त्यसलाई फाल्ने कार्य गर्‍यो । यसपछि राष्ट्रप्रमुखको रुपमा राष्ट्रपतिलाई अन्तरिम संविधानमा व्यवस्था गरेर जिम्मा दिइयो ।

लामो समयसम्म राजतन्त्रलाई आफ्नो शासनको आधार स्तम्भ मान्दै आएको देशमा परिवर्तन पछाडि केही अस्वाभिकता देखिनु आफैमा कुनै नौलो विषय होइन । किन पनि यो भन्न सकिन्छ भने देशसँग अन्य शासन प्रणालीको अनुभव तत्कालिन समयमा थिएन । यस परिप्रेक्ष्यमा राष्ट्रपति शासनको शुरुवात र त्यसमा देखिएका समस्यालाई विश्लेषण गर्नु आजको सन्दर्भमा ज्यादै महत्वपूर्ण छ । राज्यले नयाँ शासनप्रणाली ग्रहण गर्ने परिपाटीको शुरुवाती क्षणको तयारीको अवस्थामा रहेकोले यसले सबै जिज्ञासु अनुसन्धानकर्तालाई फाइदा पुग्नेछ ।

नेपालमा राष्ट्रपति प्रणालीको सम्बन्धमा अध्ययन अनुसन्धान भएका छैनन् । यस प्रणालीलाई परिमार्जित गरि स्थापित र स्थायित्व दिनु नेपाली लोकतान्त्रिक गणतन्त्रकै लागि सहयोग पुऱ्याउनु हो । तसर्थ यस अध्ययनले नेपालको राष्ट्रपतिय अभ्यासका बारेमा, जनताको त्यसप्रति बुझाइको बारेमा सम्बन्धित सबैलाई सूचना र ज्ञान दिने अपेक्षा गर्न सकिन्छ ।

## १.७ अनुसन्धानको सीमा

यो अध्ययन त्रिभुवन विश्वविद्यालमा राजनीतिशास्त्र विषय अन्तर्गत दशौं पत्रको प्रयोजनार्थ गरिएको हो । यसले विश्वमा भएका शासनप्रणाली, नेपालको सन्दर्भ र राष्ट्रपति सहितको नेपालको शासन व्यवस्थालाई समेटेको छ । यसमा अन्तरिम संविधानले राष्ट्रपति सम्बन्धी गरेका व्यवस्थाहरु एवं जनताको अभिमतमा राष्ट्रपतको भूमिकाको समीक्षा गरिएको छ । प्रयाप्त सामाग्रीको अभाव, उत्तरदाता छनौटको सिमितता, समयको पावन्दी, बजेट जस्ता अवरोधहरुले अध्ययनलाई साँगुरो वनाएका छन् ।

## १.८ अनुसन्धानको संरचना

प्रस्तुत शोधलाई निम्नानुसारको संरचनामा उल्लेख गरिएको छ ।

१) प्रारम्भिक अन्तर्गत मूल शोध अगाडि उल्लेख गरिनुपर्ने शोध शीर्षकको बाहिरी पृष्ठ, शोध निर्देशकको सिफारिस पत्र, स्वीकृति पत्र कृतज्ञता र अनुसन्धानको शोध सार प्रस्तुत गरिएको छ । यस्तै गरी शोध कार्यको विषय सूची, तालिका सूची र चित्र सूचीलाई पनि यस अन्तर्गत राखिएको छ ।

२) पहिलो परिच्छेदमा शोध अनुसन्धानको परिचय राखिएको छ ।

३)	दोस्रो परिच्छेदमा विश्वमा चलनचल्तीमा रहेका महत्वपूर्ण शासनप्रणालीलाई समेटिएको छ । जसमा राष्ट्रपतिय , संसदीय प्रणाली एवं मिश्रित भित्र राष्ट्रपतिको भूमिका एवं समग्र शासन प्रणालीलाई राखिएको छ ।

४)	तेस्रो परिच्छेदमा नेपालमा राष्ट्रपतिय प्रणालीको विषयमा उल्लेख गरिएको छ । यसमा राजनितिक दलहरुको आ-आफ्नै अडान र अन्तरिम संविधानमा भएको अवस्थालाई पनि उल्लेख गरिएको छ ।

५)	चौथो परिच्छेदमा राष्ट्रपति प्रति जनताको धारणालाई समेटिएको छ ।

६)	परिच्छेद पाँचमा यस शोध कार्यको निष्कर्षलाई समेटेको छ ।

यस शोधको अन्त्यमा सन्दर्भ सूची र प्रश्नावली राखिएको छ ।

# परिच्छेद दुई

## विश्वमा लागु भएका प्रमुख शासन प्रणालीहरु

### २.१ सामान्य परिचय

विश्वका सवैजसो लोकतान्त्रिक देशहरुले प्रायशः राज्यका तीनवटा अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई संविधानमै व्यवस्था गरेर स्वतन्त्र रुपमा कार्य संचालन गर्ने जिम्मेवारी प्रदान गरेका हुन्छन् । मन्टेस्क्यूले १८ औं शताब्दमिा राज्य शक्तिको सम्पूर्ण अधिकार एउटा व्यक्ति वा संस्थामा केन्द्रित गरियो भने सो व्यक्ति वा संस्था निरकुंश बन्न सक्दछ भन्ने मान्यताका आधारमा शक्ति पथकीकरणको सिद्धान्तलाई विकास गरेका थिए । शक्ति पृथकीकरणको सिद्धान्तले राजकीय शक्तिको प्रयोगको लागि राज्यका तीन अङ्गहरु एक अर्कोसंग स्वतन्त्र हुन्छन भन्ने मान्यता राख्दछ (दाहाल र दाहाल, २०६४) । यद्यपि यी अङ्गहरुबीच शक्तिको वाँडफाँड निरक्षेप रुपमा नभई एक अङ्गले एउटा निश्चित दायराभित्र अर्को अङ्गलाई नियन्त्रण र सन्तुलन गरिराखेको हुन्छ । विश्वमा आधारभूत रुपमा शासकिय स्वरुपका रुपमा तीन प्रणालीहरु प्रचलनमा रहेको पाइन्छ । तीन हुन् संसदीय, राष्ट्रपतिय र मिश्रित प्रणाली ।

### २.२ कार्यकारिणीको स्वरुप

आधुनिक राज्यमा कार्यकारिणी अङ्गको निर्णायक शक्ति एवं भूमिका हुने हुँदा यसको राज्यको सफल सञ्चालनमा विशेष महत्व रहन्छ । कार्यकारिणी अधिकारको प्रयोग गर्ने सवालमा विभिन्न कार्यकारिणी अर्थात सरकारका स्वरुपहरु प्रचलनमा रहेका छन् । कुनै मुलुकमा कार्यकारिणीको अधिकार राष्ट्रप्रमुखले गर्दछ भने कुनै मुलकमा त्यसको प्रयोग गर्ने सवालमा सरकार प्रमुखको प्रधानता रहेको पाइन्छ । कतै कार्यकारिणी अधिकारलाई दुवै पक्षले बांडेर प्रयोग गरेका हुन्छ । यसरी प्रजातान्त्रिक शासन अवलम्बन गर्ने मुलकहरुमा शासन प्रणालीका विविध स्वरुपहरु विद्यमान रहेका हुन्छन् । शासन प्रणालीका विभिन्न स्वरुपलाई संवैधानिक कानून एवं राजनीति शास्त्रका ज्ञाताहरुले सामान्यतया संसदीय शासन प्रणाली, राष्ट्रपतिय शासन प्रणाली र मिश्रित शासन प्रणाली गरी तीन प्रकारमा वर्गीकरण गर्ने गरेको पाइन्छ ।

## २.३ संसदीय शासन प्रणाली

राज्य संचालनमा राज्यका अन्य अङ्गहरुको तुलनामा संसदको भूमिका बढी महत्वपूर्ण हुने शासनप्रणाली यस अन्तर्गत राखिन्छ । यस शासनप्रणालीमा कार्यपालिका प्रत्यक्ष वा परोक्ष रुपमा व्यवस्थापिकाको समर्थनमाथि निर्भर रहन्छ र यस्तो समर्थन र विरोध विश्वास एवं अविश्वासको प्रस्ताव मार्फत हुन्छ । यस प्रकारको शासन व्यवस्थामा राष्ट्रप्रमुख र सरकार प्रमुख दुईवटा अलग अलग व्यक्ति हुन्छन् ।

यद्यपी कतै कतै दुवै भूमिका एउटै व्यक्तिलाई पनि दिइएको हुन्छ । यसको उदाहरणको रुपमा दक्षिण अफ्रिकालाई लिन सकिन्छ । जहाँ संसदबाट निर्वाचित व्यक्तिले राष्ट्रप्रमुख हुन्छ । उसले सरकार प्रमुखको रुपमा पनि कार्य गर्दछ ।

मुलुकको सम्पूर्ण कार्यकारी अधिकार खासगरी सरकारप्रमुखमा निहित हुन्छ । महारानी र राष्ट्रप्रमुख नाम मात्रको Figure head मात्र हुन्छ । अहिले संसदीय शासन अवलम्बन गर्ने देशहरुमध्ये कुनैमा राष्ट्रप्रमुखको रुपमा राष्ट्रपति त कतिपयमा राजा रहेका छन् । बेलायत लगायत यूरोपेली मुलुकहरु र जापानले राजा सहितको संसदीय व्यवस्था अपनाएका छन् जहाँ राजाको भूमिका ज्यादै न्यून छ । भारत लगायतका देशमा राष्ट्रपतिलाई राष्ट्रप्रमुखको जिम्मेवारी दिएतापनि संवैधानिक राजतन्त्र सरहको भूमिकामा सिमित गरिएको छ मयौदा प्रतिवेदन, २०६५ । नेपालले पनि आफ्नो शासनमा नेपालको संविधान २०४७ अनुसार संसदीय शासन प्रणालीलाई अपनाएकोमा अन्तरिम संविधानले पनि यसलाई निरन्तरता दिएको छ । फरक के मात्र छ भने २०४७ को संविधानले राजालाई राष्ट्रप्रमुखको रुपमा स्वीकारेको थियो भने २०६३ को अन्तरिम संविधानले राष्ट्रप्रमुखको रुपमा जनताबाट निर्वाचित राष्ट्रपतिको व्यवस्था गरेको छ (मस्यौदा प्रतिवेदन, २०६५) ।

### २.३.१ संसदीय शासन प्रणालीका विशेषताहरु

यस शासनप्रणाली अन्तर्गत बहुसंख्यक रुपमा सरकारप्रमुख र राष्ट्रप्रमुख दुईवटा फरक फरक व्यक्तिहरु हुन्छन् । वास्तविक रुपमा प्रधानमन्त्री नै कार्यकारी प्रमुख हुने भएतापनि प्रायशः कार्यकारिणी अधिकारको प्रयोग राष्ट्रप्रमुखको नामबाट हुने गर्दछ ।

राष्ट्रप्रमुख प्रतिकात्मक स्वरुपको मात्र हुने हुनाले ऊ सम्पूर्ण जनताको एकताको प्रतिकको रुपमा रहेको हुन्छ । कुनै राजनीतिक दलको सदस्य नरहने र उसले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कार्यकारी अधिकारको प्रयोग गर्ने हुनाले विभिन्न भाषा, धर्म, क्षेत्र, जातजातिका जनताको लागि सर्वस्वीकृत व्यक्तित्वको रुपमा रहेको हुन्छ । संवैधानिक

राजतन्त्र भएको मुलकहरुमा King Can do no wrong अर्थात राजाले गल्ती नै गर्दैनन् भन्नुको तात्पर्य पनि यहि नै हो (en.wikiedia.org/wiki/head_of_state) ।

संसदीय शासन प्रणालीमा प्रधानमन्त्री संसदमा बहुमत प्राप्त व्यक्ति हुने हुनाले संसदको नेता प्रधानमन्त्री नै हुन्छ । यस पद्धतिमा विद्यायिकी र कार्यपालिकीय शक्तिको फ्यूजन भएको हुन्छ । धेरै जसो अवस्थामा संसदमा बहुमत प्राप्त राजनैतिक दलको नेता नै प्रधानमन्त्रीको रुपमा कार्यकारीको प्रमुख समेत हुने हुँदा व्यवस्थापिका र कार्यपालिका वीचको सम्बन्ध परस्परमा अन्योन्याश्रित हुन्छ । संसदले कुनै पनि बेला पनि कार्यकारीबाट प्रधानमन्त्रीलाई हटाउन सक्ने हुनाले उनको अगाडि संसदरुपी तलवार झुण्डिरहेको हुन्छ । यसले गर्दा सरकारको स्थिरता नहुने रुपमा यस प्रकारको सरकारलाई बुझ्न सकिन्छ (en.wikipedia.org/wiki/parliamentary_system) ।

## २.३.२ संसदीय शासनप्रणालीका सबल पक्षहरु

यस शासन प्रणालीमा सरकारले बिना अवरोध प्रभावकारी कार्य गर्न सक्छ । संसदमा बहुमत प्राप्त दलको नेता नै सरकार प्रमुख हुने हुनाले संसदका बहुमत सदस्य उसका पक्षमा हुन्छन् । फेरी यस्तो शासनव्यवस्थामा दलको अनुशासन एकदमै कडा हुन्छ जसले गर्दा दलहरुको निर्देशन मान्न सदस्यहरु बाध्य हुन्छन् । यस्तो अवस्थामा सरकारले ल्याएका नीति तथा कार्यक्रम लगायत विद्येयकहरु सजिलैसंग पारित हुने गर्दछ । जसले गर्दा सरकारले आफूले चाहेको काम कारवाही बिना अवरोध गर्न सक्दछ ।

राष्ट्र प्रमुख र सरकारप्रमुख एकै व्यक्ति नरहने र राष्ट्रप्रमुख Figure head को रुपमा मात्र रहने हुनाले उसको स्थान देशमा सम्मानित रहेको हुन्छ । खासगरी विविधतायुक्त समाजमा विभिन्न जातजाति बर्ण, भाषा, धर्म, समुदाय, क्षेत्र विचारधारा इत्यादीका सम्पूर्ण जनताको राष्ट्रिय एकताको प्रतिकको रुपमा एउटा सर्वसम्मत व्यक्तित्व आवश्यक हुन्छ । कुनै पनि मुलुकका सबै जनतालाई एकताको सूत्रको रुपमा आवद्ध राखि राष्ट्रिय एकता कायम नराख्ने हो भने त्यस्तो मुलुक विखण्डनतर्फ लम्कन सक्दछ । सरकार प्रमुख र राष्ट्र प्रमुख एकै व्यक्ति रहने हो भने कार्यकारी प्रमुखको रुपमा कार्य गर्ने व्यक्ति सम्पूर्ण जनताको एकताको प्रतिक र सर्वस्वीकृत व्यक्तित्वको रुपमा नरहन पनि सक्दछ ।

त्यस्तै गरी मुलुकको कार्यकारी अधिकार ग्रहण गर्ने व्यक्ति धेरै जसो मुलधारको राजनैतिक शक्तिको प्रतिनिधित्व गर्ने खालको हुन्छ । मुलुकको शासनव्यवस्थालाई सहभागितामूलक बनाउनका लागि संवैधानिक राष्ट्रप्रमुखको रुपमा अल्पसंख्यक समुदायको

व्यक्ति निर्वाचित भएको खण्डमा सबैवर्ग समुदाय तहका जनताको शासन व्यवस्थामा सहभागितालाई सुनिश्चित गर्न सकिन्छ । भावनात्मक रुपमा पनि राष्ट्रलाई एकतावद्ध बनाउनको लागि पनि यस्तो प्रणाली सहयोगी हुन सक्छ । कार्यकारी शक्ति बिनाको राष्ट्रप्रमुख विधितायुक्त विशेषता भएको मुलुकको लागि उपयुक्त पद्धति हो र यस्तो प्रकारको व्यवस्था संसदीस्य शासन प्रणालीमा नै हुन सक्दछ ।

निर्वाचनका समयमा जनताले कुनै एउटा व्यक्तिलाई नभएर घोषणापत्र एवं कार्यक्रमका आधारमा कुनै राजनैतिक दललाई रोज्ने गर्दछन् । यस्तो प्रकारको व्यवस्थामा राज्यको शासकीय शक्ति कुनै एउटा व्यक्ति वा निकायमा केन्द्रीत नभएर विभिन्न निकायमा छरिएर रहन्छ । राष्ट्रपतीय प्रणालीमा जस्तो एकै व्यक्ति मात्र सर्वैसर्वा हुने गरी संसदीय व्यवस्थाको सरकार प्रमुखमा सबै अधिकार रहेको हुँदैन । यसले गर्दा एउटा व्यक्ति निरंकुश बन्ने सम्भावना पनि कम रहन्छ । र स्वभाविक तथा नियमित सत्ताको हस्तान्तरण हुने गर्दछ (मस्यौदा प्रतिवदेन, २०६५) ।

### २.३.३ संसदीय शासन प्रणालीका कमजोर पक्षहरुः

संसदमा बहुमत प्राप्त दलको नेता नै कार्यकारी प्रमुख हुने हुनाले व्यवस्थापिका र कार्यपालिकाबीच वास्तविक रुपमा शक्तिको पृथकीकरण हुदैन । सरकार प्रमुखले संसदका हरेक निर्णयलाई प्रभाव पार्न सक्छ । त्यस्तै गरी संसदले पनि जहिले सुकै अविश्वासको प्रस्तावद्वारा सरकारलाई हटाउन सक्ने भएकोले कार्यपालिका पनि संसदको अनावश्यक प्रभावमा पर्न जान्छ । र प्रभावकारी रुपमा कार्य गर्न नसक्ने हुन्छ ।

सरकार प्रमुख जनताको लोकप्रिय मतबाट चुनिएको व्यक्ति नभई संसदबाट निर्वाचित व्यक्ति हुने हुनाले सरकार सामान्यतया राजनैतिक दलको प्रभावमा रहेको हुन्छ । एउटै पार्टीले संसदमा बहुमत नल्याएको अवस्थामा अधिकांश समय संसदीय जोड घटाउमा दिनुपर्ने हुनाले सरकार प्रमुख प्रभावकारी रुपमा सरकार सञ्चालन गर्न असमर्थ हुन्छ । यसको अर्थ संसदीय व्यवस्थामा संसदको सामान्य बहुमतबाट सरकारको आयु निर्धारण हुने हुनाले Hung Parliamernt भएको अवस्थामा सरकार अस्थिर हुन्छ । बेलायतमा जस्तो शक्तिशाली प्रधानमन्त्री रहने वा जापानको जस्तो पार्टी पद्धतिको दबदबा रहने खालका केही संसदीय व्यवस्था अपनाएका मुलुकहरुको उदाहरणलाई अपवाद मान्ने हो भने अस्थिर समीकरण साना दलहरुको लालसा, अविश्वासको प्रस्ताव यसको पक्ष वा विपक्षमा मत

लिनको  लागि अपनाइने साम दाम, दण्ड भेदको प्रचुरता इत्यादीको कारणले गर्दा स्थिर र प्रभावकारी सरकार गठन गर्न यो पद्धति असफल हुन्छ (मस्यैदा प्रतिवदेन, २०६५)।

## २.४ राष्ट्रपतिय शासन प्रणाली

राष्ट्रपति गणतन्त्रात्मक शासन व्यवस्थाको प्रमुख अधिकारी हो । उसको अधिकार संयुक्त राज्य अमेरिका, अफ्रिका र ल्याटिन अमेरिकामा फरक फरक भएतापनि ऊ शक्तिशाली नै हुन्छ तर यूरोप र अन्य थुप्रै देशहरुमा राष्ट्रपति सेरेमोनियल रहने र वास्तविक रुपमा अधिकारको प्रयोग प्रधानमन्त्रीले गर्ने गर्दछन् (www.elibraryusa.com/ britannicaacademicedition) ।

व्यवस्थापिका अर्थात संसद प्रधान रहने प्रणालीलाई संसदीय शासन प्रणाली भनिए जस्तै कार्यकारिणी प्रधान रहने प्रणालीलाई राष्ट्रपतीय शासन प्रणाली भनिन्छ । यस्तो अवस्थामा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुन्छ र ऊ जनताको प्रत्यक्ष मतबाट निर्वाचित भएको हुन्छ । USA मा भने जनताले सोझै राष्ट्रपतिलाई मत नदिएता पनि सोही प्रयोजनका लागि निर्वाचनमण्डललाई निर्वाचित गर्ने खालको निर्वाचन पद्धति अपनाइने गरेको पाइन्छ । राष्ट्र प्रमुख व्यवस्थापिका प्रति प्रत्यक्ष रुपमा उत्तरदायी हुदैन र ऊ संसदको सदस्य पनि हुदैन । यस्तो प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी शक्ति राष्ट्रप्रमुखमा नै रहेको हुन्छ । ऊ संसदीय व्यवस्थाको जस्तो प्रतिकात्मक स्वरुपको मात्र हुदैन (en.wikipedia.org/wiki/presidential_system) ।

### २.४.१ राष्ट्रपतिय शासन प्रणालीका विशेषताहरु

राष्ट्रप्रमुखको एउटा निश्चित पदावधिको लागि निर्वाचित गर्ने हुनाले विशेष अवस्थामा बाहेक उसले पुरा अवधिसम्म सरकारको सञ्चालन गर्दछ । संसदबाट महाअभियोगको माध्यमबाट उसलाई हटाउन सकिन्छ । यसैगरी राष्ट्रपतिले पनि सामान्यतय संसदलाई विघटन गर्न नसक्ने हुँदा दुवै निकायले पुरा अवधि आफ्नो कार्य सञ्चालन गर्न सक्दछन् ।

जनताबाट प्रत्यक्ष रुपमा निर्वाचित व्यक्ति भएको हुँदा संसदको नियन्त्रणभन्दा माथि रहन्छ राष्ट्रपति । यसैकारणले गर्दा उसले आफूले चाहे अनुसारको सरकार गठन गर्न सक्दछ । आफूअनुकुलको सरकार निर्माण राष्ट्रपतिले गर्ने हुनाले मन्त्रीमण्डलका सदस्यहरुको भूमिका निर्णायक नभइ मात्र सल्लाहकारको हुन्छ । कार्यकारी प्रमुख भएको नाताले राज्य

सञ्चालनको क्रममा राष्ट्रप्रमुखले सेना, प्रहरी, नागरिक प्रशासन लगायतका महत्वपूर्ण अङ्गहरुलाई सञ्चालन एवं निर्देशन दिने हैसियत राख्दछ । यी निकायहरु प्रत्यक्ष रुपमा राष्ट्र प्रमुखको मातहतमा रहन्छन् ।

कार्यकारिणीको खासखास कार्यहरुलाई संसदबाट अनुमोदन गर्नुपर्ने गरी राष्ट्रपतिको शक्तिलाई केही सीमित भने गरिएको हुन्छ । जस्तै सयुक्त राज्य अमेरिकामा राष्ट्रपतिले गरेका महत्वपूर्ण संघीय नियुक्तिहरुमा सिनेटको अनुमोदन आवश्यक छ भने वैदेशिक सन्धिसम्झौताहरु लागु हुनुपूर्व कंग्रेसको दुई तिहाइ बहुतमद्धारा स्वीकृत हुनु आवश्यक छ । अमेरिकी संविधानले गरेको यस किसिमको व्यवस्थाले राष्ट्रपतिलाई शक्तिशाली बनाउनुको साथै केही हदसम्म नियन्त्रण पनि गरेको छ (Kapur, 1999)।

राष्ट्रपति शासनले स्थिर शासन दिइने गरेतापनि कतिपय अवस्थामा राज्यको शक्तिलाई आफ्नो शक्ति संचय गर्नको लागि खर्च गर्ने हुनाले निरंकुशलाई अगाडी बढ्ने सम्भावनालाई पनि नकार्न सकिदैन ।

### २.४.२ राष्ट्रपतिय शासनप्रणालीका सबल पक्षहरु

राष्ट्रपतिय प्रणालीमा राष्ट्र प्रमुख र विद्यायिकाको निर्वाचन एक अर्कोबाट पूर्ण रुपमा स्वतन्त्र रहने र दुई निकायले समानान्तर रुपमा आ-आफ्नो कार्यक्षेत्रमा स्वतन्त्र रुपले कार्य संचालन गर्न सक्ने हुनाले वास्तविक रुपमा शक्तिको पृथकीकरण भएको हुन्छ । संसदीय व्यवस्थामा जस्तो एउटा अङ्गले अर्को अङ्गलाई सजिलै समाप्त पार्ने हैसियत राख्दैन यसरी शक्तिको पृथकीकरणका साथसाथै यस पद्धतिमा नियन्त्रण र सन्तुलनको अवस्था समेत बढी प्रभावकारी हुन्छ ।

राष्ट्रपतिय पद्धतिमा राष्ट्रप्रमुख जनताबाट सोझै लोकप्रिय मत प्राप्त गरी विजयी हुन्छ । संसदीय प्रणालीमा पनि जनताबाट चुनिएर आएका सदस्यहरुले चुनेको प्रतिनिधिले पनि अप्रत्यक्ष रुपमा जनताकै प्रतिनिधित्व गरिरहेका हुन्छन् । तापनि जनताको प्रत्यक्ष मतद्वारा अधिकांश जनताको समर्थनमा विजयी हुने हुनाले संसदबाट चुनिएको प्रधानमन्त्री भन्दा राष्ट्रपति बढी प्रजातान्त्रिक प्रक्रियाबाट आएको मानिन्छ र ऊ बढी शक्तिशाली पनि हुन्छ ।

संसदीय अवस्थामा सरकारले आफ्नो नीति तथा कार्यक्रममा संसदको अपेक्षा गर्नुपर्दछ । तर राष्ट्रपतिय प्रणालीमा त्यस किसिमको अपेक्षा संसदबाट गर्नु नपर्ने भएकोले राष्ट्रपतिय व्यवस्थामा सरकारले प्रभावकारी रुपमा कार्य गर्न सक्दछ । सरकारलाई आफ्नो

हरेक काम कारबाहीमा व्यवस्थापिकाको अनुमोदन आवश्यक पर्दैन र व्यवस्थापिकाबाट आफ्नो कार्यक्रम असफल हुने कि भन्ने डर उसलाई रहदैन । त्यस्तै एउटा मात्र शक्ति केन्द्र रहने हुनाले यस प्रणाली भएका मुलुकहरुमा सरकारको गति बढी हुन्छ ।

संसदले अविश्वासको प्रस्तावको माध्यमबाट सरकारलाई सजिलैसंग हटाउन नसक्ने हुनाले यस व्यवस्थामा सरकार संसदीय व्यवस्थाको तुलनामा स्थिर रहन्छ । यस प्रणालीमा राष्ट्रप्रमुख निरंकुश बन्ने सम्भावना बढी हुन्छ भनी आलोचना गरिए तापनि संघीय संरचना भएको मुलुकमा भन्दा एकात्मक शासन संरचना भएको मुलुकमा यो संभावना बढी रहन्छ । संघीय संरचना भएको मुलुकमा एकभन्दा बढी राज्य वा प्रान्तहरु रहने एवं उनीहरु धेरै हदसम्म स्वशासित एकाइहरु हुने हुँदा सर्वसत्तावाद उन्मुख हुने केन्द्रलाई नियन्त्रणमा राख्न सहज हुन्छ । किनकी प्रदेशहरुको सहयोग बिना केन्द्रले एकलौटी रुपमा अधिकारको प्रयोग गर्न सक्दैन (मस्यौदा प्रतिवेदन, २०६५) ।

### २.४.३ राष्ट्रपतीय प्रणालीका कमजोर पक्षहरु

राष्ट्रपतीय प्रणालीका पक्षधरहरुले यसको सबैभन्दा ठूलो गुणको रुपमा स्थिर सरकार दिन सक्षम भनी भन्ने गरे तापनि यसको विपक्षमा तर्क राख्नेहरुले यसैलाई सबैभन्दा ठूलो कमजोरीको रुपमा व्याख्या गरेका छन् । राष्ट्रप्रमुखलाई सजिलैसंग पदमुक्त गर्न नमिल्ने हुनाले ऊ आफ्नो पदावधि समाप्त नभएसम्मका लागि कार्य गर्न स्वच्छन्द हुन्छ । र ऊ कसैको नियन्त्रणमा रहदैन । संसदमा रहेका विपक्षी दलहरु लगायत सबै दलभित्रका विपक्षीहरुलाई पनि क्रमशः पन्छाउदै सत्तामा आफ्नो एकल प्रभुत्व जमाउने प्रवल सम्भावना रहन्छ । एउटा लोकप्रिय नेता एक पटक राष्ट्रप्रमुखको रुपमा निर्वाचित भइसकेपछि शक्ति सञ्चय गर्दै क्रमशः एउटा सर्वसत्तावादी व्यक्तिको रुपमा उदय हुने संभावना ज्यादा हुन्छ ।

दोस्रो विश्वयुद्धपछि संसदीय व्यवस्था अपनाएका तेस्रो विश्वका दुई तिहाईभन्दा बढी मुलुकहरुले सक्रमणकाललाई सफलतापूर्वक प्रजातन्त्रमा परिणत गर्न सफल भए । तर राष्ट्रपतिय प्रणाली अंगीकार गरेका मुलुकहरुमा सैनिक विद्रोह वा संवैधानिक दुर्घटना भई यसतो संक्रमणकाल प्रजातान्त्रिक पद्धतिमा रुपान्तरण हुन सकेको पाइदैन । संसदीय व्यवस्थाको प्रधानमन्त्री संसदमा बहुमत दलको व्यक्ति भए पनि उसले स्वच्छाचारी ढंगले कार्य गर्न थाल्यो भने आगामी निर्वाचनमा पराजित हुने सम्भावनाको कारणले उसकै दलले समेत उसलाई स्वच्छचाचारी हुनबाट रोक्छ । तर त्यसको विपरित राष्ट्रपतिय पद्धतिमा

एकपटक निर्वाचित भइसकेको राष्ट्रप्रमुखलाई दलले फिर्ता बोलाउन नसक्ने हुँदा उ दलीय अनुशासनभन्दा माथि रहन जान्छ ।

यसैगरी राष्ट्रपतिय पद्धतिमा व्यवस्थापिका र कर्यपालिका एक अर्कोबाट स्वतन्त्र रहि कार्य गर्ने र प्रत्यक्ष रुपमा एक अर्का प्रति उत्तरदायी नहुने हुनाले शक्ति संघर्ष चर्कने सम्भावना पनि उत्तिकै रहन्छ । यस्तो अवस्था खासगरी एउटा दलको राष्ट्र प्रमुख र अर्को दलको बहुमत रहेको संसद भएको बेलामा देखा पर्दछ (en.wikipedia.org/wiki/ presidential_system) ।

## २.५ मिश्रित शासन प्रणाली

राष्ट्रप्रमुख र सरकार दुवैले मुलुकको कार्यकारिणी अधिकार प्रयोग गर्ने पद्धति अवलम्बन गरेका मुलुकहरुको शासन व्यवस्थालाई सामान्यतया मिश्रित प्रणाली भन्ने गरिन्छ । यस्तो शासन अगाल्ने देशहरुमा सामान्यतया प्रत्यक्ष रुपमा निर्वाचित राष्ट्रप्रमुख र संसदको बहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुने गर्दछ । प्रत्यक्ष निर्वाचित भएकोले राष्ट्रप्रमुखको पद सरकार प्रमुखको तुलनामा महत्वपूर्ण मानिन्छ । यस पद्धतिलाई राजनिति शास्त्रीहरुले Semipresidential system को रुपमा स्वीकार गरेका छन. । खासगरी चौथो गणतन्त्र (1946) ले राजनैतिक स्थिरता दिन नसकेपछि पाँचौ गणतन्त्रको (1954) ले बेलाइती संसदीय मोडेल र अमेरिकाको राष्ट्रपतिय पद्धति गुणहरुलाई समेटी बीचको बाटो अवलम्बन गर्दै नयाँ खालको राजनैतिक प्रयोग गर्न खोजेको पाइन्छ । फ्रान्सबाहेक, श्रीलंका, फिनल्याण्ड रुस, रुमानिया लगायतका देशहरुले पनि यस किसिमको शासनव्यवस्थालाई अगालेको पाइन्छ (Kapur 1999)।

### २.५.१ मिश्रित शासनप्रणालीका विशेषताहरु

मिश्रित शासनप्रणाली अन्तर्गत राष्ट्रप्रमुख र संसदको निर्वाचन स्वतन्त्र रुपमा अलग अलग हुन्छ । कार्यकारिणीको दुईवटा शक्तिमध्ये राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा सामान्यतया व्यवस्थापिकाको कुनै भूमिका रहदैन भने अर्को शक्ति सरकारप्रमुखको चयन र पदमुक्तिमा व्यवस्थापिकाको समर्थनमा निर्भर गर्दछ । यद्यपि सरकार प्रमुखको छनौट सम्बन्धमा राष्ट्रप्रमुखको भूमिका रहने व्यवस्था पनि कतिपय मुलुकहरुमा पाइन्छ । यस अन्तर्गत दुई किसिमका व्यवस्थाहरु प्रयोगमा देखिन्छन् । प्रधानमन्त्री हटाउने सम्बन्धी स्वविवेकीय अधिकार राष्ट्रपतिलाई नभएको र व्यवस्थापिकाले अविश्वासको प्रस्ताव

माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन सक्ने एउटा व्यवस्था जसलाइ प्रधानमन्त्री राष्ट्रपतीय व्यवस्था भन्ने गरिन्छ । यसको विपरित प्रधानमन्त्रीलाई राष्ट्रपतिले स्वविवेकीय अधिकारका माध्यमद्वारा हटाउन सक्ने तर संसदले अविश्वासको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन नसक्ने व्यवस्था प्रचलनमा छ । पहिलो खालको व्यवसथा अपनाउने मुलकहरुमा फ्रान्स, श्रीलंका, पोर्चुगल लगायतका छन भने पछिल्लो व्यवस्था अपनाउने मुलुकहरुमा पेरु, रुस ताइवान लगायतका मुलुकहरु रहेका छन् । यद्यपि राष्ट्रप्रमुख प्रत्यक्ष रुपमा निर्वाचित हुने र द्वैद्य कार्यकारिणीको स्वरुप हुने कारणलेगर्दा यी दुवै व्यवस्थालाई बिस्तृत रुपमा भन्दा Semi Presidential व्यवथा नै भन्ने गरिन्छ ।

द्वैद्य प्रकृतिको कार्यकारिणी हुने भएकाले राष्ट्रप्रमुख र सरकारप्रमुख बीचमा कार्यकारी शक्तिको बाँडफाँड कसरी हुने भन्ने सम्बन्धमा विभिन्न देशहरुको आ-आफ्नै प्रचलन रहेको पाइन्छ । राष्ट्रप्रमुखमा निर्वाचत व्यक्ति र व्यवस्थापिकाको बहुमत सदस्यहरु एउटै दलको भएमा यो व्यवस्थाको संचालन सहज हुन्छ । अन्यथा टकरावको स्थिति सृजना हुन सक्छ जसले राज्य व्यवस्थाको संचालन असहज हुन जान्छ (मस्यौदा प्रतिवेदन, २०६५)।

## २.५.२ मिश्रित शासनप्रणालीका सवल पक्षहरु

मिश्रित शासनप्रणाली अन्तर्गत राज्यको कार्यकारी अधिकार संविधानमा व्यवस्था गरेर नै बाडिएको हुन्छ । यसमा राष्ट्रपतिय शासनको जस्तो सरकारको स्थिरता एवं संसदीय प्रणालीमा जसतो नियन्त्रणको पक्षलाई समावेश गरिएको हुन्छ । सामान्यतय जनतामा निर्वाचित राष्ट्रपति र संसद हुने हुनाले दुवै ले आ-आफ्नो अधिकारको प्रयोग संविधानले व्यवस्था गरेबमोजिम गर्दछन् ।

मिश्रित शासनप्रणालको सफल प्रयोगकर्ताको रुपमा चिनिने फ्रान्सको पाचौ गणतन्त्रको संविधान चौंथो गणतन्त्रको संविधानलाई परिवर्तन गरी १९८८ अक्टोबर ५ मा लागु भएको हो । फ्रान्सको औपनिवेशिक राष्ट्र अल्जेरिया लगायतले आफूलाई स्वतन्त्र घोषित गरेको र ती मुलुकबाट समेत संसदमा प्रतिनिधित्व रहने व्यवस्था भएकोले संवैधानिक संकट आएको चौथो गणतन्त्रको अवधिमा मुलुकमा स्थिर सरकार बन्न नसकेको कारण चाल बगालको समयमा फ्रान्सले मिश्रित शासन प्रणाली सहितको शासन व्यवस्थाको अर्को प्रयोग शुरु गऱ्यो । फ्रान्सले छोटो अवधिमा धेरै प्रकारका शासन प्रणालीको प्रयोग गरेको हुँदा यसलाई राजनीति शास्त्रको प्रयोगशाला भन्ने गरिन्छ । यसभन्दा पहिले फ्रान्समा संसदीय शासन प्रणाली थियो र यसै संविधानद्वारा मिश्रित प्रमाणी अवलम्बन गरिएको थियो

। यस प्रणालीले फ्रान्समा राजनैतिक स्थिरता दिनुको साथै राष्ट्रपतिय प्रणालीको जस्तो स्वेच्छाचारीतालाई पनि जन्म दिएको छैन (मस्यौदा प्रतिवेदन, २०६५) ।

### २.५.३ मिश्रित शासन प्रणालीका कमजोर पक्षहरु

मिश्रित शासन प्रणालीा राष्ट्रपति र संसद राष्ट्रपति र प्रधानमन्त्री वीच शक्ति बाडिने हुँदा दुईवटा शक्ति केन्द्रको निर्माण भई कार्यकारी अधिकारको प्रयोग गर्ने क्रममा समस्या हुन सक्छ । राज्यका सबैजसो निकायहरु दुईवटा पक्षमा लाग्ने संभावना भएकोले यस्तो अवस्थामा शक्ति संघर्ष चर्कन गई राज्यको सफल सञ्चालनमा बाधा पुग्न सक्ने हुन्छ (www.clas.ufl.edu/users/kreppel/semipresidentalism.pdf) ।

## २.६ विभिन्न मुलुकमा प्रचलित शासन प्रणालीको स्वरुप

### २.६.१ बेलायत (संसदीय प्रणाली)

संसदीय व्यवस्थाको प्रचलन बेलायतबाट भएकोले यसलाई हामी संसदीय व्यवस्थाको जननीको रुपमा लिने गर्दछौं । राजा वा रानी राष्ट्र प्रमुखको रुपमा रहेको हुन्छ भने सरकार प्रमुख प्रधानमन्त्री हुन्छ । सम्पूर्ण कार्यकारी अधिकारी मन्त्रिपरिषदमा निहित रहेको हुँदा प्रधानमन्त्री नै वास्तविक रुपमा कार्यकारी प्रमुख मानिन्छन् र राष्ट्रप्रमुख संवैधानिक राष्ट्रप्रमुखको रुपमा रहेको हुन्छ । बेलायतमा लिखित संविधान भए तापनि त्यहाँको संवैधानिक परम्परा अनुसार राजा वा रानीले गर्ने समस्त कार्यहरु प्रधानमन्त्री वा मन्त्रीपरिषदको सल्लाह र सम्पतिमा गरिन्छन् । वास्तविक रुपमा निर्णय लिने र त्यसको कार्यान्वयन गर्ने कार्य मन्त्रिपरिषदले गर्दछ । भने त्यस बारेमा राजा र रानीमा खासगरी जानकारी पाउने प्रोत्साहन दिने र सचेत गराउने जस्ता अधिकारहरु मात्र रहेका हुन् (www.maturita.cz/referty/anglictina/british_system_of_government_html) ।

संसदको तल्लो सदन अर्थात House of commons मा बहुमत प्राप्त राजनैतिक दलको नेतालाई राजा वा रानीले प्रधानमन्त्री पदमा नियुक्त  गर्दछन् । प्रधानमन्त्रीले संसदका सदस्यहरुमध्येबाट मन्त्रिमण्डलको गठन गर्दछ । मन्त्रीहरु संसदका सचिवहरु कमनवेल्थमा रहने गर्भनरहरु उच्च अदालतका न्यायधिसहरु आदी महत्वपूर्ण नियुक्तिहरु प्रधानमन्त्रीकै सिफारिसमा हुने गर्दछन् । प्रधानमन्त्रीले मन्त्रिपरिषदको अध्यक्षता गर्दछ र मन्त्रीपरिषद बैठकका कार्यसुची प्रधानमन्त्रीद्वारा तय हुन्छ । सामान्यतया मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्रीको विचार वा प्रस्ताव नै मान्य हुने गर्दछ । मन्त्रिपरिषद निर्णयको सामुहिक जिम्मेवारी मन्त्रिपरिषदका सबै सदस्यहरुले लिनुपर्दछ । यदि कुनै मन्त्रिपरिषदको सदस्य मन्त्रिपरिषदको निर्णयसंग असहमत हुन्छ भन्ने उसले आफ्नो पदबाट राजिनामा दिनुपर्दछ ।

वा प्रधानमन्त्रीले नै उसलाई हटाउन सक्छ । देशको शासन व्यवस्थाको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्रीमा रहन्छ । समस्त मन्त्रालय र विभागहरुको कार्यहरुमा समन्वय कायम गर्नु तथा देशको शासन व्यवस्थाको सञ्चालन नियन्त्रण र रेखदेख गर्नु प्रधानमन्त्रीको कर्तव्य हो । देशको प्रतिरक्षा, परराष्ट्र एवं सामरिक नीतिको प्रमुख निर्धारक प्रधानमन्त्री नै रहेको हुन्छ (Kapur, 1999) ।

### २.६.२ संयुक्त राज्य अमेरिका (राष्ट्रपति प्रणाली)

राष्ट्रपतिय शासन प्रणालीलाई अवलम्बन गर्ने मुलुकमध्ये संयुक्त राज्य अमेरिका एक प्रमुख मुलुक हो । त्यहाँको राष्ट्रपति जनताले वालिग मताधिकारको आधारमा चुनेका निर्वाचन मण्डलहरुद्वारा चार वर्षका लागि निर्वाचित हुने गर्दछ र दुई पटक भन्दा बढी कुनै व्यक्ति सो पदमा रहन सक्दैन । अमेरिकी राष्ट्रपतिले राष्ट्रप्रमुख तथा सरकार प्रमुख दुवैको भूमिका निर्वाह गर्दछ । कार्यकारिणी अधिकारी पूर्ण रुपमा राष्ट्रपतिमा निहित रहेको हुन्छ ।

अमेरिकी राष्ट्रपतिको कार्यकारिणी अधिकार संविधानद्वारा निर्देशित छ । मुलुकका कानून इमान्दारीपूर्वक कार्यान्वयन भएका छन् वा छैनन भनी हेर्नु उसको कर्तव्य रहेको पाइन्छ । राष्ट्रपति नै देशको प्रशासनको प्रमुख निर्देशक पनि हो ।

सम्पूर्ण विभागका प्रमुखहरुलाई राष्ट्रपतिले निर्देशन दिन्छ । महत्वपूर्ण पदहरमा नियुक्ति पनि उसले नै गदृछ । तर त्यस्ता नियुक्तिहरुको उपयुक्तताको परिक्षण सिनेटले गर्दछ । राष्ट्रपतिले युद्धको घोषणा गर्न सक्छ तर त्यस्तो गर्नु अगावै कांग्रेसको स्वीकृति लिनुपर्ने हुन्छ कतिपय अवस्थामा राष्ट्रपतिले आफ्नो अधिकार कांग्रेसलाई प्रयोग गरेर सहमती बेगर पनि युद्धको घोषणा गर्न सक्छ ।

अमेरिकी राष्ट्रपतिले राजदूतको नियुक्ति गर्ने विदेशी राजदुतहरुको ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने लगायत विदेशीसंग सन्धि सम्झौत गर्ने कार्य गर्दछन् । त्यस्तै संघीय कानुन उल्लंघन गर्ने व्यक्तिले पाएको सजायलाइ माफी, मुतावीक वा घताउने अधिकार छ तर कुनै महाअभियोग लागेको व्यक्तिलाई राष्ट्रपतिले माफी दिन भने सक्तैन । अमेरिकी राष्ट्रपति संविधामा नै भएको शक्ति पृथकीकरण अनुसार भएतापनि यसको विद्यायकी भूमिका पनि हुन्छ । खासगरी राष्ट्रपतिले आफ्नो सन्देश कांग्रेसलाई पठाउदछ र त्यसलाई ध्यानमा राखेर कांग्रेसले विद्येयकहरु पास गर्दछ (http://countrystudies.us/united_states/ government_2htm) ।

### २.६.३ फ्रान्स (मिश्रित प्रणाली)

फ्रान्समा राष्ट्रपतिलाई राष्ट्रप्रमुखको रुपमा राखिएको छ तर उ बेलायतको जस्तो नाम मात्रको प्रमुख भने होइन । राष्ट्रपतिको निर्वाचन प्रत्यक्ष रुपमा वालिग मताधिकारको आधारमा हुने गर्दछ । संसदको गठन र राष्ट्रपति वीचमा कुनै अन्तरसम्बन्ध हुँदैन ।

राष्ट्रपतिले महाअभियोग बाहेक अरु अवस्थामा संसदको सामना गर्नुपदैन र संसदप्रति उसले कुनै उत्तरदायित्व निर्वाह गर्नु पनि पर्दैन । त्यहाँ कार्यकारिणी अधिकारलाई राष्ट्रपति र प्रधानमन्त्री अर्थात मन्त्रिपरिषदमा बाडिएको छ । प्रधानमन्त्री संसदको बहुमत पाएर नियुक्ति हुने गर्दछ भने उसलाई संसदले अविश्वासको प्रस्ताव मार्फत हटाउन सक्दछ (Kapur, 1999) । यहाँ सामान्यतया वैदेशिक नीतिको जिम्मेवारी राष्ट्रपतिमा रहन्छ भने आन्तरिक नीतिको जिम्मेवारी भने प्रधानमन्त्रीमा रहेको पाइन्छ । संविधानमा नै यस्तो व्यवस्था नभएतापनि यस्तो प्रकारको शासनव्यवस्था चल्दै आएको छ ।

संविधानमोजिम फ्रान्सका राष्ट्रपतिले प्रधानमन्त्री लगायत विभिन्न महत्वपूर्ण पदहरुमा नियुक्तिगर्ने, क्याविनेट बैठकको अध्यक्षता गर्ने सन्धि सम्झौता गर्ने सशस्त्र सेनाको नेतृत्व गर्ने, राष्ट्रिय सभालाइ भङ्ग गर्न सक्ने, विधेयकमा स्वीकृति दिने माफी दिने तथा राजदूतहरुको नियुक्ति गर्ने तथा राजदुतहरुबाट ओहदाको प्रमाणपत्र बुझ्ने् जसतो अधिकारको प्रयोग गर्दछन् । तर राष्ट्रपतिबाट हुने कतिपय कार्यहरुमा प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीहरुको समेत हस्ताक्षर आवश्यक पर्ने व्यवस्था संविधानले गरेको छ ।

फ्रान्सको राष्ट्रपतिले संसदीय कारवाहीमा भाग लिने गदैन । उसले संसदबाट पारित विद्येयकलाई अस्वीकार गर्न पाउदैन । तापनि जनमत संग्रहका लागि आदेश जारी गर्नभने सक्दछ । आवश्यकता अुनसार सङ्कटकालको घोषणा गर्न वा संसदलाई भङ्ग समेत गर्न सकने हुँदा त्यहाँको राष्ट्रपतिको स्थिति संसदीय पद्धतिको प्रधानमन्त्री र राष्ट्रपतीय पद्धतिको राष्ट्रपति दुवैको जस्तो हुन गएको पाइन्छ (www.bookings.com/research/ presidential_system_gwcr/) ।

### २.७.१ निष्कर्ष

विश्वमा प्रजातान्त्रिक देशहरुको स्वरुपलाई संवैधानिक कानूनका जानकारहरु र राजनीतिशास्त्रीहरुले संसदीय, राष्ट्रपतीय र मिश्रित शासनप्रणालीको रुपमा वर्गीकरण गरेका छन् । संसदीय शासनप्रणालीमा राज्य प्रमुखको व्यवस्था भएतापनि संसदको भूमिका सवैभन्दा महत्वपुर्ण रहन्छ । संसदले ने कार्यपालिका लाई नियन्त्रण गरिराखेको हुन्छ ।

संसदका नेता ले सरकार, प्रमूख अर्थात प्रधानमन्त्री भएर कार्य गर्ने भएकोले उनलाई आवश्यकता अनुसार कानून निमार्ण गरेर त्यसको कार्यन्यवन गर्न सहज देखिन्छ । अर्कोतिर सरकार संसदबाट वन्ने हुनाले राजनीतिक दलको सदैव हस्तक्षेप, संसदिय जोड घटाउ भइरहने हुनाले सरकारप्रमुख माथि सदैव संसदरुपी तरवार झुण्डीरहेको हुन्छ । जसले गर्दा उनको क्षमता राज्य सञ्चालनमा भन्दा संसदलाई विश्वासमा लिन खर्च भइराखेको हुन्छ ।

राष्ट्रपतिय शासनप्रणालीमा राज्य सञ्चालनमा राष्ट्रपतिले महत्वपुर्ण भुमिका निर्वाह गर्ने गर्दछन । जनताबाट सोझै निर्वाचित भएकोले एवं कार्यकारी अधिकार प्राप्त भएकोले उनी संसदको नियन्त्रणभन्दा वाहिर हुन्छन् । सरकार आफ्नो अनुकुलको निमार्ण गरेर आफ्ना नीति कार्यक्रम लाई कार्यन्वयन गर्न उनलाई सहज हुन्छ । तर स्थिरताको खोजीमा यस प्रणालीले निरंकुशताको जन्म दिने संभावना रहन्छ । त्यस्तै गरी मिश्रीत शासनप्रणालीमा राज्यको कार्यकारी अधिकार राष्ट्रपति र संसदलाई संविधानमा ब्यवस्था गरेर वाडिएको हुन्छ । यस शासनप्रणालीमा राष्ट्रपतिय प्रणालीमा जस्तो स्थिर राष्ट्र प्रमुख र संसदिय प्रणालीमा जस्तो नियन्त्रणको ब्यव्स्था यसका राम्रा पक्षहरु हुन । तर दुईवटा शक्ति केन्द्र निर्माण भई कार्यकारी अधिकारको प्रयोग गर्ने मामलामा यस प्रणालीमा समस्या देखिन सक्दछ ।

# परिच्छेद तीन

# नेपालमा राष्ट्रपतिय प्रणाली

## ३.१ ऐतिहासिक पृष्ठभूमि

करीब ५०० वर्ष अगाडी पशिचम नेपालको पहाडी क्षेत्रको एउटा राज्य लिगलिगकोटमा द्रव्य शाहले दौडमा सबैलाई पछाडी पारेर राज्य शक्ति संचालनको जिम्मेवारी प्राप्त गरे । उनकै दशौं उत्तराधिकारी पृथ्वीनारायण शाहले राज्य विस्तारको लागि आफ्नो सम्पूर्ण शक्तिलाई लगाएर काठमाण्डौं उपत्यका लगायत थुप्रै क्षेत्रलाई मिलाएर अहिलेको नेपालको आकार प्रदान गरे (बस्नेत, २०६५) ।

पृथ्वीनारायण शाहले युद्ध गरेको राज्य विस्तारको अवधारणालाई त्यसपछाडीको शासनसत्ता संचालन गर्ने जिम्मा पाएको उत्तराधिकारीहरुले पनि पुरा गर्दै गए । तर राज्य संचालनको जिम्मेवारी प्राप्त दरबारियाहरु गुट उपगुटमा विभाजित भएर एक अर्को विरुद्ध लाग्दै रहे । यसले गर्दा राजनीतिक अस्थिरता अन्योलता तत्कालिन राजनीतिको पर्याय जस्तै भएको थियो । झगडा यतिसम्म बढ्यो कि कतिबेला आफ्नो जीवनलीला नै समाप्त विपक्षीबाट हुने हो भन्ने कुराको भयमात्र दरवारियाहरुसँग थियो ।

पृथ्वीनारायण शाहले शुरु गरेको राज्य विस्तारको अवधारणालाई त्यस पछाडीका उनका उत्तराधिकारीले पनि निरन्तरता प्रदान गरे । राज्य व्यवस्थामा मुख्य नेतृत्वमा आएको परिवर्तन संगसंगै एकखाले अस्थिरताको स्थिति सृजना हुन पुग्यो । त्यस अवधिमा भारदारी गुटबन्दी षडयन्त्र र हत्याहरु भए । यसबीचमा शाहीपरिवारको बीचमा पनि झगडा शुरु भयो र आफ्नो विपक्षका भारदारलाई मार्ने, देशनिकाला गर्ने परिपाटी तत्कालिन राजनीतिमा हावी भएको थियो ।

सर्वजित राना, वंशराज पाण्डे, किर्तिमान सिंह बस्नेत, दामोदर पाण्डे, लगायतका थुप्रै दरवारिया भारदारहरुको हत्या राजेन्द्र लक्ष्मी र बहादुर शाहले आफ्नो पक्षलाई मजबुत बनाउन गराए । त्यस्तै गरी भिमसेन थापा शासनमा स्थापित हुँदा एवं सत्ताबाट विस्तापित हुँदा थुप्रै दरवारियाले आफ्नो ज्यान गुमाउन पुगे । भीमसेन थापाले नेपालको राजनीतिलाई स्थिरता प्रदान गर्ने प्रयास गरेतापनि उनको पतन पछाडी अस्थिरता बढ्दै गयो र अन्तत

सन् १८४६ मा कोतको हत्याकाण्ड हुनपुग्यो । यस पछाडी शुरु भएको राणाहरुको पारिवारिक राजनीति १०४ बर्षसम्म निरन्तर कायम रहिराख्यो (कँडेल, २०५५) ।

## ३.२ शक्ति केन्द्र दरबार र यसको अलोकप्रियता

### ३.२.१ पहिलो जनआन्दोलन (२०४६) सम्मको विकासक्रम

दरवारिया किचलो एवं राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिकुल परिस्थितिमा जंगबहादुर राणाले जहानिया राणाशासनको स्थापना गरे । उनले स्थापना गरेको राणाशासनलाई जनताको आन्दोलन २००७ ले फालिदियो जसको नेतृत्व नेपाली कांग्रेसले गरेको थियो । भारतीय राजधानी दिल्लीमा भएको सम्झौता पछाडी २००७ सालमा स्वदेश फर्केका त्रिभुवनले संविधान सभाको चुनाव गराउने भनेर पनि गराएनन् ।

देशमा पहिलो पटक २०१५ सालमा बहुदलीय संविधान घोषणा भयो । जसअनुसार संसदको चुनाव भयो र चुनावमा विजयी कांग्रेस नेता वि.पी. कोइराला देशको प्रधानमन्त्री हुनपुगे । तर १८ महिनाको छोटो अवधिमै बहुदलीय व्यवस्थामाथि कुठाराघात भयो र १ पुष २०१७ मा सेनाको सहयोगमा राजा महेन्द्रले सम्पूर्ण शक्ति आफ्नो हातमा लिएर प्रधानमन्त्रीलाई थुने राजनीतिक दलहरु माथि प्रतिबन्ध लगाए र संविधान निलम्बन गरे ।

देशको हावापानी सुहाउँदो नयाँ व्यवस्था स्थापना गर्ने प्रतिबद्धता सहित जन निर्वाचित सरकारलाई अपदस्य गरेका राजा महेन्द्रले २०१९ सालमा निर्दलीय पञ्चायती संविधान लागु गरे त्यस व्यवस्था विरुद्धको आन्दोलन २०१८ सालमा कांग्रेसले शुरु गरेतापनि त्यसलाई दबाउन राजा सफल भए (मानन्धर, शर्मा, २०५३) ।

पंचायतको दमनको सिलसिला कायम रहिराखेको बेलामा २०२८ सालमा वर्गशत्रु खत्तम गर्ने भन्दै झापामा शुरुभएको कम्युनिष्ट आन्दोलन पनि तत्कालीन सरकारले दबायो । परिस्थिति प्रतिकुल छ भनेर मूल्यांकन गरेर कांग्रेस नेता वि.पी. कोइराला २०३३ सालमा मेलमिलापको नीति लिएर स्वदेश फर्कदा तत्कालिन सरकारले मेलमिलापको जवाफ एयरपोर्टबाट कोइरालाको गिरफ्तारी गरेर दियो ।

पाकिस्तानी लोकप्रिय नेता एवं पूर्व प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई त्यहाँको सैनिक सरकारले फाँसी दिएको विरोधमा शुरु भएको विद्यार्थी आन्दोलनले राजालाई सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलिय व्यवस्था भनेर जनमत संग्रह गराउन बाध्य पाऱ्यो । २०३७ वैशाखमा भएको चुनावमा पंचायती व्यवस्थालाई जिताउन सफल रह्यो सरकार । पार्टी प्रतिबन्धित नै रहेको अवस्थामा कांग्रेसले २०३८ र २०४३ को राष्ट्रिय

पञ्चायतको चुनाव बहिष्कार गऱ्यो भने बामपन्थीहरुले स्वतन्त्र रुपमा चुनावमा भाग लिएर केही सीट जिते र राष्ट्रिय पञ्चायतमा गएर बहुदलिय व्यवस्थाको पक्षमा आवाज उठाए ।

मेलमिलापको नीतिको असफलता संगसंगै कांग्रेसले २०४२ मा सत्याग्रह आन्दोलन गऱ्यो । भारतमा निर्वासित रामराजा प्रसाद सिंहको समूहले त्यही समयमा गणतन्त्रको नारा दिंदै राजदरबारको ढोका होटल अन्नपूर्ण र राजधानीका केही भागमा बम विस्फोटन गरायो । २०४६ सालमा आइपुग्दा कांग्रेस र कम्युनिष्ट पार्टीहरु दरबारसंग एक्लै लड्न सकिदैन भन्ने निष्कर्षमा पुगिसकेको थिए । विभाजित अवस्थामा रहेको सातवटा बामपन्थी समूहहरु सयुक्त बाममोर्चा बनाए कांग्रेससंग सहकार्य गर्न सहमत भए । ७ फागुन २००६ मा शुरु भएको आन्दोलनले चैत्रमा ५० दिनको संघर्षको बलमा राजाबाट २९ वर्ष अगाडी खोसिएको प्रजातन्त्रलाई फिर्ता लियो (बस्नेत, २०६५) ।

### ३.२.२ दोस्रो जनआन्दोलन २०६२/६३ सम्मको विकासक्रम

राजासहितको प्रजातन्त्रमा संम्झौता गरेका दलहरु मुस्किलले झगडा गर्दै २०५२ सालसम्म घचेटिदै घचेटिदै आउन सफल रहे । यहि बेला २०५२ सालमा शुरु भएको माओवादी सशस्त्र आन्दोलनले राज्यलाइ कमजोर एवं शिथिल बनाउदै लग्यो । माओवादीले वडा सावधानी साथ कहिले राजदरबार एवं कहिले राजनीतिक पार्टीहरुलाई निशाना बनाइराखे । कहिले संसदवादी संग नजिक भएर राजदरबारमाथि निशाना त कहिले संसदवादी पार्टीहरुलाई निशाना त्यसमा परोक्ष रुपमा दरबारसंगको सम्बन्धमा सामान्यीकरणको रणनिति नेकपा माओवादीले लियो ।

यसै क्रममा १९ जेठ २०५८ मा भएको दरबार हत्याकाण्डेले राजतन्त्रलाई निकै कमजोर बनायो । त्रासदीपूर्व घटनामा ज्ञानेन्द्र एवं उनको परिवारको संलग्नताको विषयलाई लिएर उक्त घटनापछि राजा हुने पुगेका ज्ञानेन्द्र र उनको परिवारको आलोचना भयो । राजा ज्ञानेन्द्रले १८ असोज २०५९ मा संसद विघटन गरी शक्ति आफू केन्द्रित गरेपछि राजा, दलहरु र माओवादी गरी त्रिपक्षीय शक्ति संघर्ष देखापऱ्यो । यस विकसित परिस्थितिमा पार्टी भित्र एवं बाहिरको लामो छलफलबाट दलहरु माओवादीसंग सहकार्यको लागि तयार भए । यो सहकार्यको लागि १९ माघ २०६१ को शाही कदम र लोकतन्त्रप्रतिको माओवादीको चुनबाङ बैठकले लिएको प्रतिबद्धताले दलहरु माओवादी गठजोड सम्भव भयो । ७ मंसीर २०६२ मा साल दल र माओवादीवीच दिल्लीमा सम्पन्न १२ बुंदे सझदारी पछि भएको २०६२/०६३ को जनआन्दोलन दरबार प्रति अन्तिम राजनीतिक दबाब सावित भयो । जसले

लोकतान्त्रिक आन्दोलनको ६ दशक लामो कडिलाई जोड्दै राजाको शान्तिपूर्ण विदाईको लागि दलहरुलाई अघि बढ्न उत्प्रेरित गऱ्यो (रेग्मी, २००५) ।

### ३.२.३ राजतन्त्रको शान्तिपूर्ण बर्हिगमन एवं गणतन्त्र आगमन

जनआन्दोलन २०६२/०६३ को मार्गचित्रका आधारमा पुनः स्थापित प्रतिनिधि सभाले पारित गरेको नेपालको म्याग्नाकार्टाले राजदरबारको अधिकारमा व्यापक कटौती गऱ्यो । गणतन्त्रको लागि अन्तिम द्वन्द्व चाहि माओवादी शान्ति प्रक्रियामा आएपछि भयो । अन्तरिम संविधान जारी हुनुअघिसम्म पनि तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कहिले बेबी किङ्ग त केहिले सेरेमोनियल स्वरुपको राजतन्त्रलाई निरन्तरता दिइनुपर्ने पक्षमा बाल्दै रहे । ५ असोज २०६४ मा सम्पन्न महासमितिको बैठकबाट कांग्रेसले गणतन्त्रमा जाने निर्णय लियो । एमालेले २०६२ भदौमा नै लोकतन्त्रमा जाने निर्णय लिइसकेको थियो । त्यस्तै गरी माओवादीले पनि २०६२ साउनमा लोकतान्त्रिक गणतन्त्रको नीति लिइसकेको थियो । यसले गर्दा संविधानसभाको चुनाव अगाडि नै अन्तरिम संविधानमा तेस्रो संशोधन गरी गणतन्त्रको घोषणा गर्ने माओवादीको प्रस्तावमा दलहरुले सहमति जनाए र १५ जेठको संविधान सभाको पहिलो बैठकबाट त्यसलाई कार्यान्वयन गर्न सफल भए । यसरी नेपाल एक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक देश बन्न पुऱ्यो (बस्नेत, २०६५) ।

### ३.३.१ अन्तरिम संविधानमा राष्ट्रपति

नेपालको अन्तरिम संविधानको भाग ४(क) मा राष्ट्रपतिको व्यवस्था गरिएको छ । निजलाई संविधानको धारा ३६ (क) ले मुलुकको राष्ट्रध्यक्षको रुपमा स्वीकार गरी कानूनको अधिनमा रही कार्य गर्ने अख्तियार प्रदान गरेको छ ।

अन्तरिम संविधान अनुसार राष्ट्रपतिलाई प्राप्त अधिकारीहरुलाई यसरी उल्लेख गर्न सकिन्छ :

#### कार्यपालिका सम्वन्धि अधिकार

नेपालको अन्तरिम संविधानले राष्ट्रपतिलाई केही कार्यपालिका सम्वन्धी अधिकार प्रदान गरेको छ । मन्त्रिपरिषदको गठन सम्वन्धि धारा ३८ वमोजिम सम्भव भए सहमतीय आधारमा नभए वहुमतको आधारमा प्रधानमन्त्री नियुक्त गर्ने गर्दछन् राष्ट्रपतिले । नेपालमा अन्तरीम संविधान लागू पछाडी पनि संसदीय प्रणालीको निरन्तरता भएकोले राष्ट्रपतिले

अधिकांश शक्तिहरुको प्रयोग मन्त्रिपरिषदको सिफारिसमा मात्रै गर्दछन् । नेपालको कार्यकारी अधिकार अन्तरीम संविधान २०६३ र अन्य कानुन बमोजिम मन्त्रीपरिषदमा रहने ब्यवस्था छ - धारा ३७ (१) । त्यस्तै गरी लिखित राजीनामा दिएमा प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्दछन । अन्य अवस्थामा जस्तो मृत्यू भएमा, अविश्वासको प्रंस्ताव पारित भएमा वा संसदको सदस्य नरहेको अवस्थामा पनि संविधान वमोजिम अन्तत प्रधानमन्त्रीलाई पदमुक्त गर्न सक्दछन् । त्यस्तै गरी प्रधानमन्त्रीको राजिनामा पछाडी नयाँ मन्त्रिपरिषद नआउञ्जेल कार्य सञ्चालन गरिरहने आह्वान गर्दछन् । त्यस्तै गरी कार्यकारिणी अधिकार अन्तर्गत नै राष्ट्रपतिले प्रधानमन्त्रीलाई सपथ खुवाउदछन् । राष्ट्रिय जीवनका महत्वपुर्ण विषयमा राष्ट्रपतिलाई प्रधानमन्त्रीले जानकारी गराउँदछन । त्यस्तै गरी राष्ट्रपतिले राज्य संचालनका विषयमा प्रधानमन्त्रिलाई सल्लाह सुझाव दिन सक्दछन् ।

**ब्यवस्थापिका सँग सम्वन्धित अधिकार :**

अन्तरिम संविधानले राष्ट्रपतिलाई अधिकारहरु पनि प्रदान गरेको छ । प्रधानमन्त्रीको सिफारिसमा संसदको अधिवेसन आह्वान गर्ने (धारा ५१(१)), अन्त्य गर्ने (धारा ५१(२)) ब्यवस्था गरिएको छ । त्यस्तै गरी संसदका एक चौथाई सदस्यले समावेदन गरेमा १५ दिनभित्र अधिवेसन वा वैठक वोलाउने ब्यवस्था गरिएको छ । (धारा ८७) । त्यस्तै गरी ब्यवस्थापिकाको वैठक नभएको अवस्थामा राष्ट्रपति सन्तुष्ट भएमा आवश्यक अध्यादेश जारी गर्न सक्दछन (धारा ८८)

**न्यायिक अधिकार**

न्यायपालिका सँग सम्वन्धित अधिकारहरु राष्ट्रपतिलाई अन्तरिम संविधानबाट प्राप्त छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा सर्वोच्च अदालतको प्रधानन्यायाधिसको नियुक्ती गर्दछन् (धारा १०३) । त्यस्तै प्रधानन्यायाधिसले राष्ट्रपतिसमक्ष राजिनामा दिएमा उनी पदमुक्त हुन्छन् (धारा १०५) । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा एक जना कानूनविद न्यायपरिषद्मा मनोनित गर्दछन  (धारा ११३ (१) (घ)) । त्यस्तै सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन पेश गर्ने संवैधानिक ब्यवस्था छ ।

**संकटकालिन अधिकार**

नेपालको अन्तरिम संविधान अनुसार नेपाल राज्यको सार्वभौम सत्ता अखण्डता वा अन्य कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलाको कारणले गम्भीर संकट उत्पन्न भएमा नेपाल सरकार मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रपतिले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्दछन् (धारा (१४३)) । त्यस्तै संकटकालिन अवस्थाको निर्धारण गर्न , नेपाल सरकार मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्दछन् । राष्ट्रपतिबाट यस्तो आदेश वा घोषणा रहेसम्म केही मौलिक हक पनि निलम्वन हुन सक्छन् । नेपाल सरकार मन्त्रीपरिषदको सिफारिसमा राष्ट्रपतिले जुनसुकै वखत पनि उक्त आदेश वा घोषणा फिर्ता लिन सक्दछन् ।

**संवैधानिक अङ्ग सम्बन्धी अधिकारहरु**

राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र अन्य सदस्यहरु, महालेखा परिक्षकको नियुक्ति, लोकसेवा आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति, प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको नियुक्ति, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्दछन् । माथि उल्लेखित संवैधानिक अङ्गका प्रमुख र सदस्यहरुको राजिनामा पनि स्वीकृत उनले नै गर्ने व्यवस्था गरिएको छ । त्यस्तै महान्याय धिवक्ताको नियुक्ति भने प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले गर्दछन् । निजलाई प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गर्दछन् । सबै अङ्गहरुले आफ्नो कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संसदमा पेश गर्दछन् ।

**अन्य अधिकारहरु**

राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा नेपाली राजदूत, कुनै खास उद्देश्यका साथ विशेष प्रतिनिधि नियुक्ति गर्न सक्दछन् (धारा - १५०) । त्यस्तै राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिसमा सजायलाई माफी मलतवी, परिवर्तन वा कम गर्न सक्दछन् । त्यस्तै मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट राज्यको तर्फबाट दिइने उपाधि, सम्मान र विभूषण प्रदान गर्दछन् ।

### ३.३.२ राष्ट्रपतिको निर्वाचनसंग सम्बन्धित व्यवस्था

राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था धारा ३६ (ख) मा गरिएको छ । पहिलो व्यवस्था अनुसार राष्ट्रपतिको निर्वाचन समितिको आधारमा हुन्छ र त्यसो हुन नसकेमा संविधानसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत प्राप्त व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित हुनेछ । संविधानसभाका सदस्य ६०१ रहेको अवस्थामा राष्ट्रपति हुन ३०१ जनाको मत पाउनुपर्छ भने संख्या तत्काल कमी भएमा त्यही संख्याको बहुमत प्राप्त गर्नुपर्छ ।

### ३.३.३ राष्ट्रपतिय निर्वाचनको व्यवस्थाको प्रयोग

अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार राजनैतिक सहमतिको आधारमा राष्ट्रपति चुन्न राजनैतिक दलहरु असपल रहे पछाडी तीन मुख्य पार्टी कांग्रेस, एमाले र माओवादीले आ-आफ्नो उम्मेदवार क्रमशः रामवरण यादव, रामप्रित पासवान र रामराजाप्रसाद सिंहलाई बहुमतिय आधारमा राष्ट्रपति बनाउने कसरतमा लागे । लामो छलफलबाट कांग्रेस, एमाले र फोरम नेपाल क्रमशः राष्ट्रपति, सभाध्यक्ष र उपराष्ट्रपति आफ्नो उम्मेदवारलाई जिताउने सहमतिमा पुगे । त्यसमा केही अरु साना दलले साथ दिए जसले गर्दा यी तिनै पार्टी आफ्ना आफ्ना उम्मेदवारलाई जिताउन सफल रहे (भुर्तेल, २०६७) । त्यस निर्वाचनबाट नेपाली राजनीतिमा देखिएका अन्योलता हट्नु सकारात्मक पक्ष थियो । तर त्यस निर्वाचनमा देखिएको दुई कित्ताको राजनीतिले नेपाल राष्ट्रलाई कतै दिशाहिन बनाउने हो कि भन्ने सोचाई तत्कालिन समयमा आमजनतामा कायम भयो ।

## ३.४ संविधान सभाको शासकीय स्वरुपको वहसमा बौद्धिक जगतको दृष्टिकोण

नेपालमा २००७ साल देखिएको संविधान सभाको माग २०६३ को जनआन्दोलनबाट सम्वोधन भै २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । ६०१ सदस्यीय संविधान सभामा १० वटा विषयगत समिति वनाइएका थिए । शासकीय स्वरुपको निर्धारण सम्वन्धमा राज्यको शासकीय स्वरुप निर्धारण समिती वनाइयो जसमा ४२ जना सदस्यहरु रहेका थिए । विभिन्न दलहरुले संविधानसभाको निर्वाचनमा आ आफ्नो घोषणापत्रमा अगाडि सारेका शासकीय स्वरुपलाई नै यस समितिमा पनि वहसमा ल्याएर आ आफ्ना अडानहरु दोहोऱ्याए यस विषयगत समिति अर्न्तगत गठन भएका शासकीय स्वरुप सम्वन्धि उपसमिति र निर्वाचन प्रणाली सम्वन्धि उपसमितिले जम्मा १९/१९ वटा वैठक गरेर क्रमशः ३१ घण्टा

४५ मिनेट र ३१ घण्टा १० मिनेट समय ब्यतित गऱ्यो । त्यसपछाडीको समितिको वैठकले पनि दलहरुद्वारा प्रस्तावित तीनवटा फरक प्रस्तावमा सहमति हुन नसकी मतदानमा जाँदा समेत प्रस्तावित तीनवटा प्रस्ताव मध्ये कुनैलाई पनि वहुमत प्राप्त भएन । (मस्यौदा प्रतिवेदन, २०६५) यसरी सहमतिको विन्दु सहज कायम हुन नसकेको परिपेक्ष्यमा नेपालमा कस्तो प्रकारको शासकीय स्वरुप उपयुक्त हुन्छ भन्ने सम्वन्धमा विभिन्न विद्धानहरुले अगाडि सारेका धारणाहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ३.४.१ संसदीय प्रणालीले सबैलाई समेट्छ ।

नेपालका चर्चित राजनीतिशास्त्री प्रा. लोकराज बराल शासकीय स्वरुपको बहसको सम्बन्धमा २०६५ पुषको हिमालमा संसदीय प्रणालीले सबैलाई समेट्छ भन्ने लेख लेख्दै राष्ट्रपतिय प्रणालीलाई नेपालजस्तो बहुभाषिक, बहुजातीय मुलकको लागि उपयुक्त नहुने विचार व्यक्त गरेका छन् ।

उनको लेखमा उल्लेख भए अनुसार नेपालको संविधान निर्माणको तत्कालिन समयमा शासकीय स्वरुपमा गम्भीर बहस भइराखेको छ । यसै प्रसङ्गमा भारतमा नयाँ संविधान बनाउने बेलामा राष्ट्रपतिय प्रणालीमा जानुपर्ने भन्ने प्रस्ताव आएको र भारतजसो विविधतायुक्त मुलुकमा राष्ट्रपतिय प्रणाली उपयुक्त हुँदैन भन्ने तर्कका आधारमा संसदीय प्रणाली अपनाइएको कुरा उल्लेख भएको छ ।

हाम्रो सामाजिक बनोट धेरै हिसाबले विविधता युक्त छ । हाम्रो राष्ट्रिय तथा क्षेत्रीय पार्टीहरु सहितको बहुदलिय लोकतान्त्रिक प्रणालीले जाति, भाषा, वर्ग, क्षेत्र आदि सबै खालका विविधतालाई समेट्नु पर्ने हुन्छ । तर राष्ट्रपतिय प्रणालीबाट त्यस्तो विविधता समेटिन सकिदैन र त्यसबाट राजकीय शक्तिको समावेशी बाँडफाँड संभव छैन त्यसैले हाम्रो लागि सही व्यवस्था संसदीय प्रणाली नै हो । त्यसमा केही फाइदाहरु छन् जस्तो पहिलो राष्ट्रपतिय प्रणालीमा राष्ट्रपतिले आफ्ना मानिसहरुलाई नियुक्त गरेर टीम बनाउने भएकोले त्यहाँ सत्ताको कार्यकारी अधिकारको बाँडफाँड हुंदैन तर समावेशी प्रणालीमा सबैजाति, भाषा, धार्मिक समुदाय, मधेशी, पहाड, हिमाली, भेगमा बस्ने सबै समुदायलाई समेटेर समावेशी आधारमा राजकीय शक्तिको बाँडफाँड गर्न सकिन्छ । दोस्रो राष्ट्रिय र क्षेत्रीय गरी २०, २५ दललाई संगै लिएर हिड्नुपर्ने हाम्रो जस्तो बहुदलिय प्रणाली भएको मुलकमा अरु दललाई अलग राखेर एक व्यक्ति वा दलले शासन गर्ने राष्ट्रपतिय प्रणाली सफल हुन सक्तैन संसदीय प्रणालीमा साना ठूला क्षेत्रीय, राष्ट्रिय सबै दललाई मिलाएर लैजान सकिन्छ । तेस्रो

नेपाल जस्तो अल्पविकसित मुलुकमा निश्चित समयसम्म एक व्यक्ति वा पार्टीको हालीमुहाली हुने राष्ट्रपतिय प्रणाली लागु गर्दा त्यसले अधिनायकवादी वा निरङ्कुशताको बाटो लिन सक्ने खतरा रहन्छ । त्यसैले संसदबाटै प्रधानमन्त्रिलाई फाल्न सकिने वा संविधानले नै किटान गरेको विपक्षी पार्टीले सरकारलाई सन्तुलनमा राखिरहने संसदीय प्रणाली नै हाम्रा लागि उपयुक्त हुन्छ ।

पार्टीहरुले अन्तरिम संविधान र अन्य विभिन्न सम्झौताहरुमा जनजाति, दलित, मधेशी पहाडी सबैलाई सोको हिस्सेदार बनाउने प्रतिबद्धता जनाएका हुन् । सबै समुदाय र शक्तिका आ-आफ्ना आकाङ्क्षा छन् । उनीहरु सरकारमा पुगेर आफ्ना कार्यक्रम र प्रतिबद्धताहरु लागू गर्न चाहन्छन् । त्यसैले हाम्रो जस्तो जातीयता र क्षेत्रीयता बढी भएको समाजमा एउटा व्यक्तिले जितेर शासन गर्ने र अरुलाई अलग राख्ने राष्ट्रपतीय प्रणाली उपयुक्त हुँदैन ।

### ३.४.२ **राष्ट्रपतीय प्रणालीले** स्थिरता दिन्छ

राज्यको शासकीय स्वरुपको बहसको क्रममा राजनीतिक विश्लेषक हरि रोक्काले २०६५ पुषको हिमालमा राष्ट्रपतिय प्रणालीले स्थिरता दिन्छ भन्ने लेख प्रकाशित गरेका छन् । उनका अनुसार तेस्रो विश्वका देशहरुमा राष्ट्रपतिय प्रणाली लागु हुंदा निरङकुशतन्त्र हावी हुने होकि भनेर त्यस प्रणालीलाई राम्रो मानिदैन । तर यो एउटा भय मात्र हो र यसलाई हटाउन शासन व्यवस्थाको स्वरुप र संविधानमा लोकतान्त्रिक संरचनाहरुको संस्थागत निर्माणका लागि सैद्धान्तिक एवं राजनीतिक बहस हुनु आवश्यक छ ।

राष्ट्रपतिय प्रणाली धेरै प्रकारका छन् । तथापि, राष्ट्रपतिय प्रणाली भन्नासाथै राष्ट्रपतिमा राजकीय अधिकार सबैभन्दा बढी केन्द्रित हुन्छ । कुनै राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिले संसद बाहिरबाट मन्त्रिपरिषदको गठन गर्छन । कुनैमा संसदभित्रबाट आधा र संसद बाहिरबाट आधा मन्त्री छान्दछन् । कुनै प्रणालीमा संसदबाट मन्त्री नियुक्त गरियो भने संसदबाट राजीनामा दिने प्रावधान राखिएको हुन्छ । तर सरकार जसरी बनाए पनि राष्ट्रपति र राष्ट्रको प्रमुख व्यक्ति र सरकार प्रमुख समेत रहन्छन् । यो प्रणालीमा राष्ट्रपतिको कार्यकालभरि जे जस्ता संरचनागत वा नीतिगत परिवर्तनहरु हुन्छन र तिनले राष्ट्रमा जे जस्ता सकारात्मक वा नकारात्मक प्रभाव पार्दछन्, त्यसको सम्पुर्ण जिम्मेवारी राष्ट्रपतिले नै लिनुपर्छ । तर राष्ट्रपतिलाइ प्रधानमन्त्रीलाई जस्तो संसदबाट अविश्वासको प्रस्ताव मार्फत

हटाउन सकिदैन । त्यसैले कम्तीमा एक कार्यकालभरी राष्ट्रपति र उनको टिमले निर्वाध रुपले काम गर्न पाउँछ ।

राष्ट्रपतिय प्रणालीका चारवटा प्रमुख फाईदाहरु छन् जुन संसदीय प्रणालीबाट पाउन सकिदैन । पहिलो, राष्ट्रपतिले राष्ट्रका नागरिक मध्येबाट अत्यन्त प्रतिस्पर्धी इमान्दार र दक्ष व्यक्तिहरुलाई छानेर मन्त्रिपरिषद र अन्य संवैधानिक पदहरुमा नियुक्त गरी शासन व्यवस्था सञ्चालन गर्न सक्दछन । दोस्रो राष्ट्रपति निर्वाचित भएपछि मन्त्री र संवैधानिक अङ्गमा नियुक्ति पाउने व्यक्तिहरुले सस्तो लोकप्रियता र अल्पकालिन फाइदाको लागि मात्र काम गर्दैनन् । तिनले मुलकलाई दीर्घकालीन फाइदा पुग्ने नीति र कार्यक्रमहरु अगाडी सार्ने सम्भावना रहन्छ । तेस्रो, मन्त्री र संवैधानिक पदमा नियुक्ति पाउने व्यक्तिहरुले अनावश्यक गुटबन्दी गरेर क्षणिक राजनीतिक खेलहरु खेलिरहनु र गुटविशेषलाई सेवा गरिरहनुपर्दैन । त्यसैले तिनले आफूलाई राष्ट्रिय हितमा सही निर्णय गर्न र समयभित्रै काम सक्नमा ध्यान केन्द्रित गर्न पाउँदछन् । चौथो राष्ट्रपतिमा प्रणालीमा जाँदा सरकार गिराउने र बनाउने निम्नस्तरको जालहरुबाट राष्ट्रले मुक्ति पाउँछ ।

राष्ट्रपतिय प्रणाली अपनाउदा खासगरी तेस्रो विश्वका मुलुकहरु सत्ताको लुछाचुडीका लागि हुने कुकृत्यबाट मुक्ति पाउँछन् । सन् १९५९ अगाडिको फ्रान्स र सन् १९८० देखि २००० सम्मको इटाली तथा सन् १९९४ देखि १९९९ सम्म नेपालमै देखिएको सरकार फेरिने क्रियाकलापले राजनीतिक अस्थिरता र आर्थिक अनियमितता तीव्र भयो । यी अनुभवहरुलाई पाठ सिक्दै नयाँ प्रणालीमा प्रवेश गर्नु उचित हुन्छ ।

राष्ट्रपतिय प्रणली अन्तर्गतको आवधिक निर्वाचन प्रणाली अपनाएमा आम जनताले रुचाएको व्यक्ति राष्ट्रपतिमा निर्वाचन हुनेछन् र सक्षम व्यक्तिहरु सम्मिलित उनको टिमले नीतिनिर्माण तथा कार्यान्वयनमा सघाउ पुऱ्याउनेछ । नागरिक स्वतन्त्रता र मानवअधिकार लगायतका जीवकोपार्जनका अधिकारहरुलाई अक्षुण राख्दै संवैधानिक प्रावधानसहितको राष्ट्रपतिय प्रणाली हाम्रो जस्तो मुलुकमा लोकप्रिय बन्न सक्छ ।

### ३.४.३ विकल्प, मौलिक, संसदीय प्रणाली

बौद्धिक क्षेत्रमा राज्यको शासकीय स्वरुपको विषयमा चलेको बहसमा संवैधानिक कानुनका जानकार टीकाराम भट्टराईले आइतबार १ माघ, २०६८ मा विकल्प, मौलिक संसदीय प्रणाली भन्ने लेख लेखेर बहसलाई थप रोचक पारेका छन् ।

राष्ट्रपतिय प्रणाली अवलम्बन गर्ने पहिलो आधुनिक संघीय राज्य संयुक्त राज्य अमेरिका समेत एउटा व्यक्ति वा समूहमा व्यापक रुपमा अधिकार केन्द्रित नहोस भन्नाका लागि विद्यायिकी तथा कार्यकारिणी जिम्मेवारीहरु विभिन्न संस्थाहरु (कांग्रेस र राष्ट्रपति) मा बाँडिएको छ । यो शक्ति सन्तुलन र नियन्त्रणको प्रणाली हो ।

बहुदलिय व्यवस्था भएको मुलुकमा राष्ट्रपतिय शासन व्यवस्था निकै जटिल मानिन्छ । त्यसमा पनि संघीय व्यवस्थामा राष्ट्रपति सबै प्रान्त, धर्म, संस्कृति र भाषाभाषी तथा जातीय समूहको स्वीकार्य व्यक्ति हुनुपर्छ । यदि त्यस्तो भएन भने राष्ट्रिय एकता कमजोर हुन जान्छ । तसर्थ राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतिक र सबैको साझा बनाउनको लागि उसलाई कतिपय अवस्थामा अल्पसंख्यक जनजाति वा भाषाभाषीको समूहबाट पनि चयन गर्नुपर्ने हुन्छ । तर, प्रत्यक्ष निर्वाचनबाट राष्ट्रपतिको निर्वाचन प्रणाली अंगाल्दा अल्पसंख्यक समुदायको राष्ट्रपति नचुनिने सम्भावना रहने भएकोले राष्ट्रपतिको निर्वाचन विद्यायिकाबाटै गरिनु उपयुक्त हुन सक्छ । त्यस्तै गरी निर्वाचन मण्डलमा सबै प्रान्तहरुको एवं स्थानीय सरकारहरुलाई समेटेमा सबैले राष्ट्रपतिलाई आफ्नो भनि राष्ट्रिय एकताको रुपमा स्वीकार्न सहज हुन्छ ।

यसरी संसदबाटै राष्ट्रपतिको निर्वाचन गरिएपछि राष्ट्रपतिय शासन प्रणाली कायम नहुने भएकोले राष्ट्रपति सहितको संसदीय प्रणाली अवलम्बन गर्नु उपयुक्त हुन्छ । राष्ट्रपति राष्ट्रध्यक्ष हुने तर उनमा कार्यकारी अधिकार नरहने, नेपाली सेनाको परमाधिपति हुने, प्रधानमन्त्री लगायत सबै संवैधानिक अंगको पदाधिकारहरु र राजदूतको नियुक्ति सम्बन्धित निकायको सिफारिसमा राष्ट्रपतिले गर्ने, उनी संविधानको संरक्षक र पालनकर्ता हुने, मन्त्रिपरिषदको हरेक निर्णयको जानकारी उनलाई गराउनुपर्ने, सबै संवैधानिक अंगका बार्षिक प्रतिवेदनहरु ग्रहण गर्ने राष्ट्रपतिका काम कर्तव्य र अधिकार हुन्छन् । साथै राष्ट्रिय अखण्डताको विषय, साम्प्रादायिक सदभाव कायम गर्ने, गराउने विषयजस्तो निश्चित विषयमा उनले सरकारलाई सचेत गराउन सक्ने, मन्त्रिपरिषदको सिफारिसमा संविधानमा व्यवस्था भएबमोजिम आपतकालीन अवस्थाको घोषणा गर्न सक्ने अधिकार पनि राष्ट्रपतिलाई दिइनुपर्छ । यसबाहेक अन्तरप्रान्तिय विवादका बारेमा सम्बन्धित प्रान्तका सरकारले उनलाई जानकारी गराउनुपर्ने, प्रान्तको प्रमुखको नियुक्ति सम्बन्धित प्रान्तको सरकार प्रमुखको सिफारिस उनले गर्ने जस्तो विषयहरु राष्ट्रपतिको काम कर्तव्य र अधिकारमा राख्न उपयुक्त हुन्छ ।

### ३.४.४ समाधानको लागि मिश्रित मोडेल

नेपालको शासकीय स्वरुपको बहसको क्रममा त्रिभुवन विश्वविद्यालयका उप्राध्यापक डा.उमानाथ बराललले प्रगतिशिल दर्पण (२०६८) मा लेख लेख्दै मिश्रित मोडेललाई एकातिर सबै दलको आ-आफ्नो अडान सम्बोधन हुने र अर्कोतिर शक्तिको बाँडफाड पनि हुने भनेर सही मानेका छन् ।

डा. बरालका अनुसार एनेकपा माओवादीले प्रस्ताव गरेको राष्ट्रपतिय प्रणाली र कांग्रेसले प्रस्ताव गरेको संसदीय प्रणाली भिन्न राजनीतिक विचारधाराका उत्पादन हुन । सामान्यतय माओवादी समाजवादको वकालत गर्दछ भने कांग्रेस उदार प्रजातन्त्रको । एनेकपा माओवादी समाजवादी धारणा अनुसार जनताको प्रतिनिधि राष्ट्रपति शक्तिशाली हुनुपर्दछ भन्ने प्रस्ताव ल्याएको छ भने कांग्रेसले माओवादीको राष्ट्रपतिय प्रणालीमा निरङ्कुशताको स्वरुप देख्छ र उ परम्परागत रुपमा आफूले मानी आएको संसदीय प्रणालीलाई उपयुक्त ठान्दछ ।

एमालेले ल्याएको प्रधानमन्त्रीय प्रणाली कुनैवादमा आधारित हुनुभन्दा पनि विगतको संसदीय व्यवस्थाको सुधारको रुपमा र दुई विपरित शासकीय स्वरुपको बहसको बीचमा सहमति कायम गर्ने अपेक्षासाथ आएको प्रस्ताव देखिन्छ । नेपालको संविधान सभाको तत्कालको बनोट हेर्दा कुनै दल विशेषको प्रस्ताव पारित हुने अवस्था रहेको छैन । त्यस्तै दुई फरक वादको वकालत गर्ने नेपाली कांग्रेस र एनेकपा माओवादी एक अर्काको प्रस्तावप्रति सहमत हुने स्थिति देखिदैन । यस अवस्थामा दुवैका प्रस्तावलाई मिलाएर र एमालेको प्रस्तावलाई समेत परिमार्जन गरेर एउटा मिश्रित मोडेल बनाउन सकिन्छ । राष्ट्रपति प्रत्यक्ष जनताबाट निर्वाचित हुने र प्रधानमन्त्री संसदमा बहुमत प्राप्त गर्ने व्यक्ति हुने व्यवस्था गरेमा सबै दलको प्रस्ताव र भावनाको मिलन बिन्दु हुने देखिन्छ । यसलाई फ्रेन्च मोडेल भनेतापनि यसलाई राजनैतिक सहमतिका आधारमा आफ्नो राष्ट्रको परिवेश अनुकुल बनाउने सकिन्छ ।

नेपालको निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचितबाट मिश्रित तिर अगाडी बढिसकेकोले संसदमा कसैले पनि बहुमत ल्याउने संभावना नै देखिदैन । यस अवस्थामा कांग्रेसले भने जस्तो बलियो संसदीय प्रधानमन्त्री हुन सक्ने संभावना देखिदैन फेरी देशमा उहि पुरानै गणितीय खेलको पुनरावृत्ति हुन सक्ने पर्याप्त आधार तय हुनेछन् । यस्तै शक्तिशाली राष्ट्रपतिय व्यवस्था मात्रै गर्दा सबैले राज्यको शासनप्रणालीमा संलग्न हुने मौका पाउदैनन् ।

हाम्रो देशमा धेरै राजनीतिक दलहरु र जातीय समूहहरु शक्ति प्राप्तिको लागि लालयित छन् । तसर्थ उनीहरुलाई बाहिर राख्दा धेरै अस्थिरता र राजनीतिक द्वन्द्व बढिरहने देखिन्छ । यस अर्थमा राष्ट्रपति र प्रधानमन्त्री दुवैलाई संवैधानिक रुपमा शक्तिको बाँडफाँड गरिएको मिश्रित प्रणाली नै उपयुक्त हुन्छ जहाँ सबै शक्ति समूह र राजनीतिक दलहरुको विचारधारा र उनीहरुले प्रस्ताव गरेको नमूनाले कुनै न कुनै रुपमा ठाउँ पाउछ ।

### ३.५ शासकीय स्वरुप सम्बन्धमा दलहरुको अवधारणा

जनआन्दोलन भाग-२ को सफलतापछि नयाँ संविधानको निर्माणका लागि गठन भएको संविधान सभामा विभिन्न राजनीतिक दलहरुले शासकीय स्वरुप सम्बन्धमा आ-आफ्नो धारणा राखेका छन् । विभिन्न अवधारण हेर्ने हो भने शासकीय स्वरुपका बारेमा प्रमुख राजनीतिक दलहरु बीच मत भिन्नता रहेको देखिन्छ । संविधान सभामा प्रतिनिधित्व गर्ने केही दलहरुको शासकीय स्वरुपका सम्बन्धमा संविधान सभाको निर्वाचनताका सार्वजनिक गरिएका घोषणा पत्र वा प्रतिबद्धताहरुको अध्ययन गर्दा निम्नबमोजिमको अवस्था देखिन आउँछ ।

#### ३.५.१ एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

एनेकपा माओवादीद्वारा संविधानसभाको निर्वाचन पूर्व सार्वजनिक गरिएको प्रतिबद्धतापत्र २०६४ मा मुलुकको शासन प्रणालीको बारेमा देहाय बमोजिमको व्यवस्था गरिनेछ भनेर उल्लेख भएको पाइन्छ :

- केन्द्रमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरुबाट निर्वाचित प्रधानमन्त्रीको व्यवस्था राष्ट्रपतिले राष्ट्राध्यक्ष, सेनाप्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्नेछन र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन संचालनको जिम्मेवारी बहन गर्नेछन् ।
- राज्यमा गर्भनर र मुख्यमन्त्रीको व्यवस्था हुनेछ ।
- राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्ण अवधिको निम्ती भन्दा बढी हुनेछैन ।

यद्यपी राज्यको शासकीय स्वरुप निर्धारण समितिमा भएको छलफलको क्रममा एकिकृत ने.क.पा. माओवादीको तर्फबाट प्रस्तुत पछिल्लो अवधारणामा प्रधानमन्त्री बिहिन राष्ट्रपतीय शासन प्रणालीको परिकल्पना गरिएको पाइन्छ । यस व्यवस्थाबमोजिम राष्ट्रप्रमुखको निर्वाचन प्रत्यक्ष रुपमा वालिग मताधिकारको आधारमा हुने भएता पनि राष्ट्र

प्रमुखले मन्त्रिमण्डलको गठन भने व्यवस्थापिकाबाटै नै गर्नुपर्ने हुन्छ । व्यवस्थापकिामा प्रतिनिधित्व गर्ने दलहरुको सिट संख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तबमोजिम मन्त्रिमण्डलको गठन हुनेछ । यसरी व्यवस्थापिकामा रहेका सबै दलको प्रतिनिधित्व सरकारमा भएपछि व्यवस्थापिका प्रतिपक्षी बिहिन हुने र समग्रमा भन्दा कुनै दल विशेष मात्र नभएर सम्पूर्ण व्यवस्थापिका नै प्रतिपक्षको रुपमा रहनेछ । राष्ट्रप्रमुख व्यवस्थापिका प्रति उत्तरदायी रहनेछ ।

व्यवस्थापिकाको दुई तिहाई बहुमतले राष्ट्रप्रमुखलाई महाअभियोगको प्रस्तावद्वारा मुक्त गर्न सक्नेछ । यसबाहेक प्रत्याह्वानको प्रक्रियाद्वारा समेत राष्ट्र प्रमुखलाई पदमुक्त गर्न सकिनेछ । राष्ट्र प्रमुखको कार्यकाल ५ वर्षको हुने र बढीमा दुई पटकको लागि मात्र कुनै व्यक्ति राष्ट्रप्रमुखको रुपमा निर्वाचन हुन सक्नेछ (नेकपा माओवादी, २०६४) ।

### ३.५.२ नेपाली कांग्रेस

राष्ट्रप्रमुखको निर्वाचन : राष्ट्रप्रमुखको रुपमा राष्ट्रपतिको निर्वाचन केन्द्रिय संसद र प्रादेशिक संसदका सदस्यहरुबाट हुने । राष्ट्राध्यक्ष नेपालीहरुको एकताको प्रतिकको रुपमा मानिनेछ राष्ट्रपतिको काम संविधानको संरक्षण गर्ने पालना गर्ने गराउने हुने । राष्ट्रपति नेपाली सेनाको परमाधिपतिको रुपमा रहनेछन् । राष्ट्रपतिको अन्य काम कर्तव्य संविधानले व्यवस्था गरेबमोजिम हुनेछ । राष्ट्रपतिको अनुपस्थितिमा निजले गर्ने कार्यको अतिरिक्त केन्द्रिय संसदको अध्यक्षको रुपमा कार्य गर्ने गरी उपराष्ट्रपतिको व्यवस्था गर्ने ।

राष्ट्रको कार्यकारी प्रमुखको व्यवस्थाः बहुदलिय प्रतिस्पर्धात्मक मान्यता अन्तर्गत संसदीय शासन प्रणाली र यसका आधारभूत सिद्धान्तलाई मुल आधार बनाउदै केन्द्रमा कार्यकारी प्रधानमन्त्री हुने र प्रधानमन्त्री संसदप्रति उत्तरदायी हुनेछ । संसदलाई प्रभावकारी बनाउन संसदका समिति र संसद सदस्यलाई विशेष अधिकार र जिम्मेवारी दिने व्यवस्था गर्ने संसदको निरन्तरताको पक्षमा नेपाली कांग्रेस रहेको छ (नेपाली काँग्रेस, २०६४) ।

### ३.५.३ नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी)

पूर्ण लोकतान्त्रिक मूल्य मान्यता र आवधिक निर्वाचनमा आधारित राष्ट्रपति र प्रधानमन्त्री दुवै भएको व्यवस्था भएको आफ्नै मोलिक स्वरुपको शासन प्रणालीको विकास गरिनेछ ।

- शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा राज्यको केन्द्रिय संरचनाको विकास गरिनेछ ।

- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारका आधारम आम जनताबाट गरिनेछ ।
- केन्द्रिय संसदका दुवै सदनका सदस्यहरु र प्रार्देशिक संसदका सदस्यहरु रहेको निर्वाचन मण्डलबाट स्पष्ट बहुमत वा पचास प्रतिशत जोड एकका आधारमा राष्ट्रपतिको निर्वाचन गरिनेछ । केन्द्र, प्रदेश, स्थानीय निकायबीचको सम्बन्ध सहयोगात्मक हुनेछ ।

### ३.५.४ दलहरुको अवधारणमा समीक्षात्मक टिप्पणी

राज्यको शासकीय स्वरुप अन्तर्गत राष्ट्रपति सहितको मन्त्रीपरिषदको व्यवस्था गर्ने कुरामा सबै दलको एक मत रहेको पाइन्छ । राष्ट्रपतिलाई राज्यको सर्वोच्च निकाय मान्न सबै दलहरुले स्वीकारेका छन् ।

राष्ट्रपतिलाई दिइने अधिकार र निर्वाचनका विषयमा दलहरुको मतभिन्नता रहेको छ । खासगरी एकिकृत ने.क.पा. माओवादीले राष्ट्रपतिलाई कार्यकारी अधिकार दिएर शासकीय स्थिरता चाहन्छ भने कांग्रेस एवं एमाले राष्ट्रपतिलाई कार्यकारी अधिकार दिनुको सट्टा हाम्रो देशको विविधताको बीच एकताको प्रतिक बनाउन चाहन्छन् । कार्यकारी अधिकार प्रधानमन्त्रीलाई दिदा राष्ट्रपति दैनिक प्रशासनिक कार्यबाट मुक्त भई उनले राष्ट्रिय एकता सुद्धिकरणको लागि कार्य गर्न सक्दछन् भन्ने तथ्यलाई कांग्रेस एवं एमालेले प्रस्तुत गरेका छन् ।

प्रमुख तीनवटै दलहरु राष्ट्रपतिलाई राज्यको प्रथम नागरिक एवं सर्वोच्च व्यक्तित्व मानेर सम्मान दिन तयार छन् । उनलाई दिने अधिकारको सम्बन्धमा खासगरी ए.ने.क.पा. माओवादी एकातिर एवं संसदीय राजनीतिको लामो अनुभव भएका कांग्रेस एमाले अर्कोतिर छन् । शायद दुवै पक्ष आ-आफ्नो अडानमा अर्को पक्षलाई सहमत गराउने प्रयासमा छन् । त्यो दलहरुको एक अर्कोप्रति सम्मान, विश्वास एवं राजकीय शक्तिको प्रयोग गर्ने निकाय भन्दा व्यक्तिहरुको इच्छाशक्तिमा नै देशको अग्रगमन हुन्छ भन्ने कुरा व्यवहारिक रुपमा बुझ्न जति छिटो गर्छन त्यति नै छिटो सहमति भई राष्ट्रले निकास पाउन सक्दछ ।

## ३.६ निष्कर्ष

एउटा स्थायित्व भएको एवं जनताप्रति जवाफदेहि र जनताबाट निरन्तर अनुमोदन हुने, लोकतान्त्रिक सरकारको खोजीमा नेपालले लामो समय वितायो । पृथ्वीनारायण शाहले उपत्यका माथि आक्रमण गरेर आधुनिक नेपालको निर्माण गरेपछाडी नेपाल राज्य कहिले राज्य विस्तारको नामबाट त कहिले भारदारको झगडाको कारणले २००७ सालसम्म ब्यस्त

भईराख्यो । त्यसपछाडी राज्यको वैद्यानिक शक्ति प्राप्ती एवं प्रयोगका लागि राजनीतिक दलहरु एवं राजसंस्था झगडा गर्दै अगाडी वढे र यो क्रमलाई दोश्रो जनआन्दोलन २०६२/६३ ले अन्त्य गऱ्यो ।

यसपछाडी राज्यको वैद्यानिक शक्तिको प्राप्ती एवं प्रयोग गर्नको लागि एक मात्र शक्तिको रुपमा राजनीतिक दलहरुको भूमिका हुने अवस्थाको सृजना भयो । समग्र राजनैतिक प्रणालीलाई सहमतिका साथ अगाडी वढाउने त्यसैको एक भागको रुपमा संविधानसभामार्फत शासकीय स्वरुप र त्यस भित्रको महत्वपुर्ण पाटो राष्ट्रपतिको ब्यवस्था गर्ने उनीहरुको योजना दलहरुका आ आफ्नै अडानका वीचमा अलपत्र अवस्थामा रहेको छ ।

राजनीतिक दर्शनका आधारमा दलहरुका आ आफ्नै अडानहरु छन् । समाजवादको हिमयाती ने.क.पा माओवादी शक्तिशाली राष्ट्रपति मार्फत शासकीय स्वरुपको विवादलाई सल्टाउन चाहन्छ भने अर्कोतिर उदार लोकतन्त्रको पक्षधर कांग्रेस संसदीय प्रणालीको निरन्तरतालाई चाहन्छ, जहाँ राष्ट्रपतिको भूमिका राज्यसञ्चालनमा कम गरिएको हुन्छ । नेपालका समाजसेवी, वुद्धिजीवि पनि यिनै दुईवटा विचारधाराका वीच रुमल्लिरहेका छन् । ने.क.पा एमाले ले सहमतिका आधारमा दुवैको अडानलाई मिलाएर लैजानुपर्ने कुरामा जोड दिईरहेको पाइन्छ । त्यस्तै अन्य दलहरु पनि कुनै न कुनै रुपमा कांग्रेस एवं माओवादीका विचारधाराबाट प्रभावित देखिन्छन । यस्तो परिस्थितीमा कुनै पक्षले आफ्नो मात्र एजेण्डालाई पारित गराउने भन्दा पनि वीचको बाटो अर्थात मिश्रीत प्रणाली जहाँ राष्ट्रपति र संसदले संविधानमा ब्यवस्था गरेर राज्य सञ्चालनको भूमिका निर्वाह गर्दछन, त्यस तर्फ अगाडी वढ्दा विवाद पनि समाधान हुने एवं सवै पक्षले आंशिक रुपमा भएपनि आफ्नो सोचाई पनि शासनप्रणालीमा सम्वोधन भएको महशुस गर्नेछन् । भोलीको नेपाली राजनीति यसतर्फ अगाडी वढ्ने कुरामा अनुमान लगाउन सकिन्छ ।

# परिच्छेद चार

## जनताको अभिमतमा नेपालमा राष्ट्रपति

नेपालमा राष्ट्रपति सहितको शासन प्रणालीको अभ्यासको इतिहास लामो छैन । नेपालको संविधान निर्माण गर्ने जिम्मेवारी प्राप्त संविधान सभाको पहिलो बैठक १५ जेठ २०६५ मा बसेर नेपाललाई गणतन्त्रात्मक देश भनेर घोषणा गऱ्यो । यस पछाडी नेपालमा राष्ट्रपति सहितको शासन प्रणालीलाई अवलम्बन गरियो । यसलाई जनताले कसरी मूल्यांकन गरेका छन् एवं समग्र शासनप्रणालीको स्वरुपबारे जनताको धारणालाई यस परिच्छेदमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ उत्तरदाताको संख्या

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनको लागि पोखरा उपमहानगरपालिका वडा नं. ८ लाई लिइएको छ । जसअन्तर्गत निर्वाचन आयोग कास्कीमा उपलब्ध मतदाता नामावली अनुसार २०६३ मंसिर सम्म १८ वर्ष पुरा भएर मतदाता हुन योग्य नागरिकहरु जसले राष्ट्रपतिलाई अप्रत्यक्ष रुपमा मत प्रदान गरेका थिए, ती नागरिकहरुलाई नै उत्तरदाताको रुपमा छनोट गरिएको छ । यस अन्तर्गत जम्मा मतदाता ९३१५ रहेका छन् । वडा नं. ८ अन्तर्गत पनि बगाले टोल बाट उत्तरदाता छनौट गरिएको छ । जम्मा ५५७ जना मतदाता रहेकोमा त्यसको १०% अर्थात ५६ जना उत्तरदाता नमूना छनोटमा परेका थिए । सम्पुर्ण प्रस्तावित उत्तरदाताहरु उपलब्ध नहुने भएकोले त्यसको थप ५०% अतिरिक्त छनोट गरी कुल ८४ जना उत्तरदाताहरु थिए । प्रस्तुत शोधपत्रका लागि आवश्यक ५६ जना उत्तरदाताहरु पुगेपछि उत्तरदाता सँगको सर्वेक्षण पुरा गरिएको थियो ।

### ४.१.२ उत्तरदाताको छनौट

छनौट गरिएको ठाउँ पोखरा उपमहानगरपालिका वडा नं. ८ अन्तर्गत वगालेटोलमा जम्मा ५५७ जना मतदाता रहेकोमा त्यसको १० प्रतिशत अर्थात ५६ जनालाई छनौट गरिएको छ । उत्तरदाता छनौट गर्दा व्यवस्थित नमूना छनौट विधि अपनाइएको छ । त्यसको लागि नमूना अन्तरालको आवश्यक पर्दछ । नमूना अन्तराललाई सूत्र प्रयोग गरि पत्ता लगाइएको छ ।

$$\text{नमूना अन्तराल (K)} = \frac{\text{जनसंख्याको आकार(N)}}{\text{नमूनाको आकार (n)}}$$

$$= \frac{५५७}{५६}$$

$$= ९.९५$$

नमूना छनौट अन्तराल ९.९५ भएकोले प्रत्येक १० जनाको अन्तरालमा एउटा मतदातालाई उत्तरदाताको रुपमा छनौट गरिएको छ। पहिलो उत्तरदाता भने साधारण दैविक नमूना छनौट विधि अन्तर्गत छनौट भएको ४ लाई लिइएको छ। त्यसपछाडी क्रमशः १४, २४ गर्दै उत्तरदाताको छनौट मतदाता नामावलीबाट गरिएको छ।


### ४.२.१ उत्तरदाताको जात

**तालिका नं. ४.१: उत्तरदाताको जातको विवरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | १६ | २८.५७ |
| गुरुङ्ग | १२ | २१.४२ |
| बाहुन | ११ | १९.६४ |
| क्षेत्री | ८ | १४.२८ |
| अन्य | ९ | १६.०७ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.१**



माथि उल्लेखित तालिका नं. ४.१ र स्तम्भ चित्र नं. ४.१ मा उत्तरदाताको जातलाई देखाइएको छ । खासगरी जनजाति बाहुल्य टोललाई छनौट गरिएकोले नेवार र गुरुङ्गको संख्या अरुको भन्दा बढी छ । जम्मा उत्तरदातामध्ये सबैभन्दा बढी नेवार १६ जना छन जसको प्रतिशत जम्मा उत्तरदाताको २८.५७% हुन आउँदछ । त्यस पछाडी क्रमशः गुरुङ्ग, बाहुन, क्षेत्री, अन्यको प्रतिशत क्रमश २१.४२, १९.६४, १४.२८, १६.०७ रहेको छ । उत्तरदाताको जातलाई हेर्दा यो मिश्रित जातहरुको बसाई भएको टोल हो ।


### ४.२.२ उत्तरदाताको लिङ्ग

**तालिका नं. ४.२ः उत्तरदाताको लिङ्गगत विवरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३३ | ५८.९२ |
| पुरुष | २३ | ४१.०८ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.२**




उत्तरदाता मध्ये महिला ३३ जना अर्थात ५८.९२% रहेका छन् । त्यस्तै गरी पुरुषको संख्या २३ जना अर्थात ४१.०८% रहेको छ । कामको सिलसिलामा पुरुषहरु बाहिर भएको हुनाले महिला उत्तरदाताको संख्या अलि बढि देखिन्छ । हाम्रो जस्तो श्रमिक निर्यात गर्ने देशमा यस्तो खाले आँकडा देखिनु सामान्य कुरा हो ।


### ४.२.३ उत्तरदाताको शिक्षाको स्तर

**तालिका नं. ४.३: उत्तरदाताको शिक्षाको विवरण**

| शिक्षाको स्तर | संख्या | प्रतिशत |
| --- | --- | --- |
| अशिक्षित | ७ | १२.५ |
| साक्षर | १६ | २८.५७ |
| विद्यालय शिक्षा | २५ | ४४.६४ |
| स्नातक वा माथि | ८ | १४.२८ |
| जम्मा | ५६ | १०० |

स्रोत: फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.३**




माथिको तालिका नं. ४.३ र स्तम्भ चित्र नं. ४.३ ले उत्तरदाताको शिक्षाको स्तरलाई देखाएको छ। उत्तरदाताको स्तरलाई हेर्दा विद्यालय शिक्षाको अध्ययन गरेका उत्तरदाता धेरै देखिएको छ जसको संख्या २५ छ। जुन नमूना मतदाताको ४४.६४% हुन आउदछ। वैदेशिक रोजगार एवं पारिवारिक व्यापारले गर्दा धेरै जसोले आफ्नो उपल्लो शिक्षा पुरा गर्न नसकेको तथ्य शिक्षाको स्तरबाट थाहा हुन्छ। त्यस्तै गरी स्नातक वा त्यो भन्दा माथिको शिक्षा हासिल गरेका उत्तरदाताको संख्या ८ छ जुन जम्मा उत्तरदाताको लागि छनौट गरिएको नमूना संख्याको जम्मा १४.२८%।


### ४.२.४ उत्तरदाताको पेशा

**तालिका नं. ४.४: उत्तरदाताको पेशागत विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | १२ | २१.४३ |
| घरको काम | १७ | ३०.३५ |
| सेवा क्षेत्र | ९ | १६.०७ |
| विद्यार्थी | ८ | १४.२८ |
| वैदेशिक रोजगारी | १० | १७.८५ |
| जम्मा | ५६ | १०० |

स्रोत: फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.४**




उत्तरदाताको पेशालाई हेर्दा घरको नाम काम गर्ने पेशा धेरै जनाले अपनाएको देखिन्छ । अधिकांश वैदेशिक रोजगारी एवं व्यापारिक पृष्ठभूमि भएका परिवारहरुको अवस्था त्यस्तो देखिन्छ । पेशा अन्तर्गत व्यापार १२ जना अर्थात २१.४३ ले अपनाइएका छन् भने घरको काम, सेवा क्षेत्र, विद्यार्थी, वैदेशिक रोजगारीको पेशा अपनाउने उत्तरदाता क्रमश ३०.३५, १६.०७, १४.२८, १७.८५ प्रतिशत रहेका छन् ।


## ४.२.५ उत्तरदाताको पार्टीगत आवद्धता

**तालिका नं. ४.५: उत्तरदाताको पार्टीगत झुकाव**

| पार्टी | संख्या | प्रतिशत |
|---|---|---|
| एमाले | १९ | ३३.९२ |
| कांग्रेस | १७ | ३०.३५ |
| माओवादी | १४ | २५ |
| अन्य | ६ | १०.७१ |
| जम्मा | ५६ | १०० |

स्रोत: फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.५**




माथि उल्लेखित तालिका नं. ४.५ र स्तम्भ चित्र नं. ४.५ मा उत्तरदाताको पार्टीगत आवद्धतालाई देखाइएको छ । खासगरी उत्तरदाताको संख्या देशभरीको आँकडा जस्तै मुख्य तीन पार्टी एमाले, कांग्रेस र माओवादी मै देखिन्छ । सबै उत्तरदाता मध्ये सबैभन्दा धेरै १९ जना अर्थात् ३३.९२% उत्तरदाता एमाले सँग आवद्ध छन् । त्यस्तै गरी कांग्रेस, माओवादी र अन्य सँग आवद्ध उत्तरदाताको संख्या क्रमश: ३०.३५, २५ र १०.७१ प्रतिशत रहेको छ ।


### ४.३.१ राष्ट्रपति र राजामा भएको फरक

**तालिका नं. ४.६: राष्ट्रपति र राजा बीचको फरक**

| राष्ट्रपति र राजा | संख्या | प्रतिशत |
|---|---|---|
| निर्वाचित एवं जनताको प्रतिनिधि | ३९ | ६९.६४ |
| दुवै उस्तै हुन | ७ | १२.५ |
| थाहा छैन | १० | १७.८५ |
| जम्मा | ५६ | १०० |

स्रोत: फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.६**




माथिको तालिका नं. ४.६ र स्तम्भ चित्र नं. ४.६ मा नेपालमा स्थापित गणतन्त्र एवं त्यसको एक महत्वपूर्ण भागको रुपमा रहेको राष्ट्रपतिलाई कसरी हेरिएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ। जम्मा ५६ जना उत्तरदाता सहभागि यस सर्वेक्षणमा ३९ जना अर्थात ६९.६४% ले जनताको वास्तविक प्रतिनिधिको रुपमा राष्ट्रपतिलाई मानेका छन्। यसले के देखाउँदछ भने परिवर्तित परिस्थितीमा स्थापित संस्थाको लोकप्रियता प्रष्ट हुन आउँदछ। कतै कतै राजनीतिक दलहरुले मात्र गणतन्त्रमा जाने फैसला गरेका तर जनताले गणतन्त्रमा जानको लागि पार्टीलाई भोट नदिएको भनाइ पनि यस तथ्यले अस्वीकार गर्दछ। त्यस्तै गरी जनचाहना अनुसारको आर्थिक एवं सामाजिक परिवर्तन हुन नसकेको परिप्रेक्ष्यमा दुवैलाई एउटै नजरले हेर्ने गरेको पनि पाइन्छ समकालीन नेपाली समाजमा । यस्तै किसिमको नतिजा देखा पर्‍यो यो सर्वेक्षणमा पनि। जम्मा ७ जना अर्थात् १२.५% जनताको

नजरमा यो संस्था र राष्ट्रपतिमा कुनै किसिमको फरक देखिदैन । हेर्दा सानो देखिएतापनि यस किसिमको जनताको असन्तोषलाई बेलैमा राजनीतिक दलले सम्बोधन गर्नुपर्ने हुन्छ । व्यवस्थाको विरुद्धको जनमत भन्दा पनि व्यवस्थाले गर्न नसकेको आर्थिक, एवं संरचनागत परिवर्तनको अभावको कारणले यस किसिमको जनमत कायम रहि रहेको देख्न सकिन्छ । सर्वेक्षणमा भाग लिएका उत्तरदाता मध्ये १७.८५% ले आफूलाई जानकारी नभएको बताएर हाम्रो राजनीतिक प्रणाली एवं परिवर्तनलाई नबुझ्ने नेपाली समाजको प्रतिनिधित्व गरेका जसको संख्या थोरै देखिन्छ तर यसलाई बुझाउने कार्य गर्नको लागि हाम्रो शिक्षा प्रणाली, राजनीतिक दल एवं तिनका कार्यकर्ताले विशेष पहल गर्नुपर्ने हुन्छ ।


### ४.३.२ राष्ट्रपतिको भूमिका

**तालिका नं. ४.७: राष्ट्रपतिको संवैधानिक भूमिकाबारे जनअभिमत**

| राष्ट्रपतिको भूमिका | संख्या | प्रतिशत |
|---|---|---|
| संक्रमण अनुसार ठीक | ३४ | ६०.७१ |
| समय अनुसार चल्न नसकेको | १५ | २६.७८ |
| थाहा छैन | ७ | १२.५ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.७**




माथि उल्लेखित तालिका नं. ४.७ र स्तम्भ चित्र नं. ४.७ राष्ट्रपतिको भूमिकालाई प्रस्तुत गरिएको छ । संक्रमण अनुसार ठिक भनेर राष्ट्रपतिको क्रियाकलापलाई जनताले समर्थन प्रदान गरेका छन । जम्मा ५६ जना उत्तरदाता मध्ये ३४ जना अर्थात् ६०.७१%

उत्तरदाताले राष्ट्रपतिको भूमिका संक्रमण अनुसार ठीक भएको भनेका हुन् । त्यस्तै गरी १५ जना अर्थात् २६.७८% जनताले राष्ट्रपतिको भूमिका समय अनुसार हुन नसकेको भनेर असन्तोष व्यक्त गरेका  हुन् । त्यस्तै गरी ७ जना अर्थात् १२.५% जनाले राष्ट्रपतिको भूमिकाको विषयमा आफूलाई जानकारी नभएको बताएका छन् । राष्ट्रपतिको भूमिकाको सम्बन्धमा राम्रो बहुमत देखिएतापनि अझै पनि थुप्रै जनताहरु राष्ट्रपतिको भूमिका समय अनुसार नभएको भनेर गुनासो व्यक्त गरेका छन् । थाहा नभएको भन्ने उत्तरदाताहरुको संख्या सानो देखिएतापनि यसले शासनप्रणालीमा अविश्वास सृजना गर्नको लागि अस्थिरतावादीलाई फाइदा पुग्न सक्दछ ।


### ४.३.३ प्रस्ताविक शासकीय स्वरुपमा राष्ट्रपति

**तालिका नं. ४.८ः प्रस्ताविक शासकीय स्वरुपमा राष्ट्रपतिबारे जनधारणा**

| राष्ट्रपति | संख्या | प्रतिशत |
|---|---|---|
| प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति | २२ | ३९.२८ |
| संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति | २५ | ४४.६४ |
| थाहा छैन | ९ | १६.०७ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.८**



माथि उल्लेखित तालिका नं. ४.८ र स्तम्भ चित्र नं. ४.८ मा प्रस्तावित शासकीय स्वरुपमा राष्ट्रपतिको बारेमा जनताको धारणा देखाइएको छ । तालिका र स्तम्भ चित्रबाट के स्पष्ट देख्न सकिन्छ भने ४४.६४% उत्तरदाताले संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपतिलाई समर्थन गरेका छन् भने ३९.२८% जनता प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा देखिएका छन् । त्यस्तै १६.०७% जनताले यसबारेमा आफ्नो प्रतिक्रिया जनाएका छैनन् । संवैधानिक राष्ट्रपतिको पक्षमा सामान्य वहुमत देखिएतापनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा पनि खासै समर्थन कम नदेखिएको जनमतले भोलिको शासकीय स्वरुपमा दुवै पक्षको मतको कदर गर्नुपर्ने देखिन्छ ।


### ४.३.४ मिश्रित मोडेलमा जनताको धारणा

**तालिका नं. ४.९: मिश्रित मोडेलमा जनताको धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| अस्थिरता, शक्ति संघर्षको निकास दिन्छ | ३० | ५३.५७ |
| शक्ति संघर्ष चर्कने | १८ | ३२.१४ |
| थाहा छैन | ८ | १४.२८ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.९**



माथि उल्लेखित तालिका नं. ४.९ र स्तम्भ चित्र नं. ४.९ ले मिश्रित मोडलप्रति जनताको धारणालाई प्रस्तुत गरेको छ । राजनीतिक दलहरुको आ-आफ्नै अडान वीच राजनीतिक दलहरु मिश्रीत मोडेल तर्फ अगाडी वढेको देखिए जस्तै आमजनतामा पनि यो मोडेल प्रतिको आकर्षण वढी देखिन्छ । जम्मा उत्तरदाता ५६ मध्ये ३० जना अर्थात ५३.५७% ले मिश्रीत मोडलनै शासकीय स्वरुपको वहसको लागि उपयुक्त समाधान हो भनेर समर्थन गरेका हुन त्यसको अलावा त्यसलाई अस्वीकार गर्ने जनतापनि ३२.१४% रहेकोबाट यो पनि जनतामा सर्वस्वीकार्य छैन भन्ने देखिन्छ । मिश्रित मोडलको वारेमा जानकारी नभएको भनेर १४.२८ % नमूना मतदाताले भइराखेका परिवर्तन प्रति उदाशिन देखिन्छन । जनताले मिश्रित मोडेललाई वहुमतले अनुमोदन गरेको देखिएकोले यसमा राजनीतिक दलहरुले सहमति गर्दा यसले भइराखेको शक्तिसंघर्षलाई रोक्न मद्दत पुग्ने देखिन्छ ।


### ४.३.५ राष्ट्रपतिलाई दिइनुपर्ने अधिकार

**तालिका नं ४.१०: राष्ट्रपतिलाई दिइनुपर्ने अधिकारबारे जनमत**

| अधिकार | संख्या | प्रतिशत |
|---|---|---|
| कार्यकारी अधिकार | २० | ३५.७१ |
| सिमित अधिकार | २९ | ५१.७८ |
| थाहा छैन | ७ | १२.५ |
| जम्मा | ५६ | १०० |

स्रोतः फिल्ड सर्भे २०६८

**स्तम्भ चित्र नं. ४.१०**



राष्ट्रपतिलाई दिईनुपर्ने अधिकारलाई माथि उल्लेखित गरिएको तालिका नं ४.१० र स्तम्भ चित्र नं ४.१० मा उल्लेख गरिएको छ । सर्वेक्षणमा संलग्न जनताहरुले राष्ट्रपतिलाई सिमीत खाले अधिकार दिईनुपर्ने कुरालाई भिनो वहुमत दिएर समर्थन गरेका छन् । त्यसको अलावा कार्यकारी अधिकारको पक्षमा भएको जनमत पनि थोरै देखिदैन र राष्ट्रपतिलाई कार्यकारी दिनुपर्नेमा २० जना अर्थात ३५.७१% जनता रहेका छन भने राष्ट्रपतिलाई सिमित अधिकार दिईनुपर्नेमा २९ जना अर्थात ५१.७९% ले समर्थन गरेका छन । त्यस्तै गरी अधिकार क्षेत्रको विषयमा जानकारी नभएको भनेर ७ जना अर्थात १२.५ % जनताले आफ्नो अनभिज्ञता प्रकट गरेका छन ।

प्रस्तुत तालिका नं ४.१० र स्तम्भ चित्र ४.१० लाई हेर्दा राष्ट्रपतिको अधिकार क्षेत्रको विषयमा जनतामा एउटा खाले अन्योलता कायम नै रहिरहेको देखिन्छ खासगरी राष्ट्रपतिय प्रणालीले स्थिरता दिने तर्क र कार्यकारी राष्ट्रपति निरंकुश वन्न सक्ने एवं शासनमा सिमित सहभागिता हुने भनेर यस संस्था प्रति वादविवाद भईराखेको छ राजनीतिक दलहरुको । त्यसको प्रत्यक्ष असर जनतामा पनि देखिएको छ ।

### ४.४.१ शिक्षा र राष्ट्रपति प्रतिको जनताको धारणा

**तालिका नं ४.११: शिक्षा र राष्ट्रपति प्रतिको जनताको धारणा**

| शिक्षाको स्तर | निर्वाचित एवं जनताको प्रतिनिधि | राष्ट्रपति र राजा उस्तै | थाहा छैन | जम्मा |
|---|---|---|---|---|
| अशिक्षित | २ | १ | ४ | ७ |
| साक्षर | ९ | ४ | ३ | १६ |
| विद्यालय शिक्षा | २१ | २ | २ | २५ |
| स्नातक /माथी | ८ | ० | १ | ९ |
| जम्मा | ३९ | ७ | १० | ५६ |

स्रोत: फिल्ड सर्भे २०६८

माथि उल्लेख गरिएको तालिका नं ४.११ ले जनताको राष्ट्रपति र राजावीचको आधारभूत फरकलाई देशका शिक्षित वर्गले कसरी हेरेका छन भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । तालिकालाई विश्लेषण गर्दा के देखिन्छ भने अशिक्षित जनताले राष्ट्रपति र राजा वीचको फरक राजनीतिक रुपमा छुट्टाउन गाह्रो भएको देख्न सकिन्छ । शिक्षाको स्तर वढ्दै जाँदा राष्ट्रपतिलाई जनताको प्रतिनिधीको रुपमा वुझ्ने मानिसहरुको संख्या वृद्धि हुदैगइरहेको देखिन्छ । यसले गर्दा जनताको चेतनाको स्तर वृद्धि हुँदै जाँदा त्यसले राजनीतिक प्रणाली प्रति धारणामा पनि परिवर्तन देखिएकाले शिक्षामा भइराखेको प्रयत्नलाई अझ सशक्त तरीकाले अगाडी वढाउनुपर्ने देखिन्छ ।

### ४.४.२ शिक्षा र प्रस्तावित शासकीय स्वरुप

**तालिका नं ४.१२ः शिक्षा र प्रस्तावित शासकीय स्वरुपको विवरण**

| शिक्षा | प्रस्तावित शासकीय स्वरुपमा राष्ट्रपति | | | |
|---|---|---|---|---|
| | प्रत्यक्ष निर्वाचित | संसदबाट निर्वाचित | थाहा छैन | जम्मा |
| अशिक्षित | ३ | १ | ३ | ७ |
| साक्षर | ९ | ५ | २ | १६ |
| विद्यालय शिक्षा | ७ | १५ | ३ | २५ |
| स्नातक वा माथि | ३ | ४ | १ | ८ |
| जम्मा | २२ | २५ | ९ | ५६ |

स्रोतः फिल्ड सर्भे २०६८

माथि प्रस्तुत गरिएको तालिका नं. ४.१२ ले शिक्षा र प्रस्तावित शासकीय स्वरुपको क्रस टेबललाई प्रस्तुत गरेको छ । यसलाई हेर्दा के स्पष्ट देख्न सकिन्छ भने अशिक्षित एवं साक्षर मतदातामा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको आकर्षण देखिन्छ भने यस विषयमा थाहा नभएको मतदाताहरु पनि देखिन्छन् । त्यस्तै गरी विद्यालय शिक्षा हासिल गरेका जनतामा संसदबाट निर्वाचित राष्ट्रपति बढी लोकप्रिय देखिन्छ । साथै प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा पनि यिनीहरुको आकर्षण कम देखिदैन । त्यस्तै गरी उच्च शिक्षा प्राप्त व्यक्तिहरु वीचमा पनि एउटै मत पाउन सकिदैन । प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट निर्वाचित राष्ट्रपति एवं सम्पूर्ण प्रकृयाको विषयमा थाहा नभएको वा नभएको भनेर उदासीनता देखाउन खोज्ने मानिसहरुको संख्याले एउटै प्रणाली प्रति मात्र जनताको विश्वास देखिदैन ।

### ४.४.३ शिक्षा र विवाद समाधानको लागि मिश्रित मोडेल

**तालिका नं. ४.१३ः शिक्षा र मिश्रित मोडल सम्बन्धि तुलनात्मक अध्ययन विवरण**

| | **मिश्रित मोडल** | | | |
|---|---|---|---|---|
| शिक्षा | सबैको निकास | शक्ति संघर्ष चर्कने | थाहा छैन | जम्मा |
| अशिक्षित | २ | २ | ३ | ७ |
| साक्षर | ९ | ५ | २ | १६ |
| विद्यालय शिक्षा | १५ | ८ | २ | १५ |
| स्नातक वा माथि | ४ | ३ | १ | ८ |
| | ३० | १८ | ८ | ५६ |

स्रोत : फिल्ड सर्भे २०६८

माथि प्रस्तुत गरिएको तालिका नं. ४.१३ ले विवाद समाधानको लागि प्रस्तुत गरिएको मिश्रित मोडेललाई विभिन्न तहको शिक्षा प्राप्त गरेका मानिसहरुले कसरी हेर्दछन् भन्ने कुरालाई उल्लेख गरेको छ ।

अशिक्षित समुदाय भित्र थाहा छैन भन्नेको संख्या अरुको भन्दा बढी देखिएकोले मिश्रित मोडेलको बारेमा कम जानकारी जनतामा रहेको भन्ने कुराको पुष्टि हुन आउदछ । सबै साक्षर एवं उपल्लो योग्यता भएका उत्तर दाताले भने मिश्रित मोडललाई वहुमतले रुचाएका छन । तर शिक्षित समुदायभित्र पनि यो निर्विकल्प देखिदैन । सवैको निकास दिन सक्ने भनेर धेरै जनताले विश्वास गरेतापनि यसलाई अविश्वास गर्ने नागरिकको संख्या पनि धेरै कम देखिदैन ।

### ४.५.१ राष्ट्रपति एवं शासकीय स्वरुपमा भएको जनताको अभिमतको निचोड

जनताको राष्ट्रपति र शासकीय स्वरुपमा भएको वुझाईको लागि छनोट गरिएको पोखरा उपमहानगरपालिका वडा नं ८ अर्न्तगतको वगाले टोलमा नेवार, गुरुङ्ग, वाहुन, क्षेत्री र अन्यको वसोवास रहेको पाइन्छ । नयाँ वन्ने राज्य संरचनामा राष्ट्रपतिको भुमिकाको विषयमा अध्ययन क्षेत्रमा पनि विवाद कायम नै रहिआएको पाइयो । तर पनि प्रत्यक्ष निर्वाचित राष्ट्पतिको प्राप्त गरेको ३९.२८% को तुलनामा संवैधानिक राष्ट्रपतिले ४४.६४% समर्थन प्राप्त गर्नु एवं शासकीय स्वरुमा मिश्रीत मोडेलले शक्ति संघर्षको निकास दिन्छ भन्ने विश्वास ५३.५७% जनतालाई हुनुबाट देशको लागि संवैधानिक राष्ट्रपति र मिश्रीत मोडेल सही हुन सक्दछन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ । त्यस्तै गरी अध्ययन क्षेत्रमा भएको शिक्षित समुदाय पनि मिश्रीत मोडेल प्रति झुकाब राख्ने देखिन्छ । दलहरुको आ-आफ्नो अडानको वीच निकास आउन नसकिरहेको अवस्थामा शासकीय स्वरुपमा मिश्रित मोडेल सहितको संवैधानिक राष्ट्रपति राम्रो विकल्प हुन सक्ने तथ्य यस अध्ययनले उजागर गरेको छ ।

# परिच्छेद पा“च

## निष्कर्ष

### ५.१ अध्ययनको सांराश

यस अध्ययनले नेपालको राष्ट्रपतिको काम कर्तव्यलाई खोतल्ने प्रयास गरेको छ । खासगरी बेलायती संसदीय प्रणाली, अमेरिकी राष्ट्रपतीय प्रणाली एवं फ्रान्सेली मिश्रित प्रणालीको शासकीय स्वरुप एवं त्यहाँ राष्ट्र प्रमुखको रुपमा प्रयोग गरिने अधिकार र राज्य संचालनको लागि अन्य कार्यकारिणी अधिकारको प्रयोग सम्बन्धमा यहाँ विशेष रुपमा चर्चा गरिएको छ । नेपाजस्तो संक्रमणकालबाट गुज्रिरहेको देशको लागी यी राष्ट्रहरुका शासकीय स्वरुपहरु नै मुख्य उदाहरणका रुपमा रहेका छन् ।

खासगरी २०६२/०६३ को जनआन्दोलन मार्फत पुनः स्थापित प्रतिनिधि सभा एवं त्यसले घोषणा गरेको गणतन्त्रलाई संविधानसभाको बैठकले पारित गरेपछि नेपाल एक गणतन्त्रात्मक राज्य बन्न पुग्यो । यसरी २४३ वर्ष देखी राजालाई शासकीय स्वरुपको प्रमुख व्यक्ति मानेर बसेको नेपाली समाजमा एक्कासी यस्तो परिवर्तनले आफ्नो राष्ट्रप्रमुखको रुपमा राष्ट्रपतिलाई देख्ने सुअवसर आयो । यस अर्थमा राष्ट्रको प्रथम नागरिक नेपाली जनताबाट निर्वाचित हुने शासन व्यवस्थामा राष्ट्रपतिलाई के कति अधिकार भएमा राम्रो हुन्छ भनेर विश्लेषण गर्दा मुख्यतया दुईवटा कुरा सँगसँगै देखापर्‍यो । खासगरी नेपाली राजनीतिको छोटो तर अस्थिर संसदीय प्रणाली एवं शक्ति संचय गर्न सक्ने राष्ट्रपतिय प्रणाली त्यस्तै यी दुवैको बीचको बाटो जान सक्ने मिश्रित शासनप्रणाली ।

नेपालका राजनितिक दलहरु शासकीय स्वरुपको एउटा महत्वपुर्ण भागको रुपमा रहेको राष्ट्रपतिको भुमिकाको विषयमा विभाजित मानसिकतामा रहेका देखिन्छन । त्यस्तै गरेर बुद्धिजीवि पनि शासकीय स्वरुपमा राष्ट्रपति एवं समग्र प्रणालीमा आ आफ्नो अडानमा कायम रहेका छन् । कांग्रेस एवं माओवादीले संविधानसभाको चुनावमा आफुले प्रस्तुत गरेको संसदबाट निर्वाचित एवं प्रत्यक्ष निर्वाचित राष्ट्पति भनेर विवाद गरिरहेको स्थिती विद्यमान छ भने नेकपा एमाले यी दुई वटा शक्तिको वीचको समन्वय चाहिरहेको छ । राजनीतिक दलहरु जस्तै जनतामा पनि त्यस किसिमको अन्योलता कायम रहिरहेको पाइन्छ । संवैधानिक र कार्यकारी अधिकार सहितको राष्ट्रपतिमध्ये संवैधानिक राष्ट्रपतिमा वहुमत देखिनु, त्यस्तै गरेर संसदबाट निवार्चित राष्ट्रपति, मिश्रीत मोडलप्रति वहुसंख्यक

उत्तरदाताको चाहनाले पनि नेपालको राजनीतिक व्यवस्था त्यतातर्फ उन्मुख हुन सक्ने सम्भावना देखिन्छ तर त्यसको बावजुत विपक्षमा पनि राष्ट्रिय  रुपमा आवाज वलियो भएको एवं सर्वेक्षणमा अत्याधिक समर्थन देखिएबाट कतै न कतै कुनै न कुनै रुपमा अर्को पक्ष अर्थात  जनताबाट प्रत्यक्ष निर्वाचित एवं कार्यकारी अधिकारको वकालत गर्ने पक्षको

पनि केही महत्वपुर्ण पक्षलाई समेटेर लैजाने हो भने मात्र देशले राजनीतिक निकासको बाटो पहिल्याउन सक्दछ ।

## ५.२ अध्ययनको निचोड

प्रस्तुत अध्ययन राष्ट्रपतिको संवैधानिक व्यवस्था एवं समग्र शासकीय स्वरुपको वारेमा केन्द्रित थियो । विभिन्न शासकीय स्वरुप, नेपाली परिवेश एवं जनताको अभिमतलाई लिएर यस अध्ययनलाई अगाडि वढाइएको थियो । अध्ययनबाट प्राप्त राष्ट्रपति प्रतिको जनअभिमतको निचोडलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

- सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये ६९.६४% उत्तरदाताले राष्ट्रपतिलाई जनताको वास्तविक प्रतिनिधिको रुपमा छनोट गरेका छन् । त्यस्तै गरी राष्ट्रपति र राजसंस्थामा फरक नदेख्ने उत्तरदाता १२.५ % रहेको छन् । यसबाट राष्ट्रपतिलाई नेपाली जनताले लोकतन्त्रको वृहत्तर विकासको लागि आवश्यक संस्थाको रुपमा वुझेका छन भनेर अनुमान लगाउन सकिन्छ् ।
- सर्वेक्षणमा सहभागी मध्ये ६०.७१% जनताले राष्ट्रपतिको भूमिकालाई सक्रमण अनुसार ठीक भनेर उनको भूमिकालाई सही ठानेका छन् । त्यस्तै गरी उत्तरदाताहरुमध्ये २६.७८% मा उनको भूमिका सक्रमण अनुसार ठीक नभएको गुनासो पाईन्छ । राजनीतिक दलहरुको मनमुटाव कम गर्न लगायत आर्थिक परिर्वतनको लागि पहल नभएको भनेर संस्थाप्रति गुनासो भएको अनुमान लगाउन सकिन्छ ।
- भावी शासकीय स्वरुपमा राष्ट्रपतिको स्वरुप सम्वन्धमा संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपतिको पक्षमा ४४.६०% उत्तरदाता देखिए भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुन्छ भनेर यसको पक्षमा ३९.२८ उत्तरदाता देखिएन केही अधिकार सहितको संसदबाट निर्वाचित राष्ट्रपति सही भन्नेको प्रतिशत धेरै भएतापनि प्रत्यक्ष निर्वाचित राष्ट्रपति सहि भन्नेको प्रतिशत थोरै नदेखिएकोले दुवै पक्षको भावना सम्वोधन हुने गरी व्यवस्था गरिनु वुद्धिमतापुर्ण हुन्छ ।

- मिश्रीत मोडेलले अहिले चलिरहेको शक्तिसंघर्षको निकास दिन्छ भनेर यसमा विश्वास गर्ने उत्तरदाता ५३.५७% छन भने यस किसिमको व्यवस्थाले शक्ति संघर्षचर्कने कुरामा ३२.१४% जनता रहेका छन् । यसबाट मिश्रीत प्रणालीलाई अपनाउन दुइवटा शक्तिकेन्द्र खडा भएतापनि संविधानमा स्पष्ट रुपमा व्यवस्था गरेर दुवै शक्ति केन्द्रका वीच जिम्मेवारी बाँडफाड गर्न सकिन्छ ।
- राष्ट्रपतिलाई सिमित अधिकार दिईनुपर्ने पक्षमा ५१.७८% उत्तरदाताले आफ्नो मतजाहेर गरेका छन् भने राष्ट्रपतिको कार्यकारी भूमिका हुनुपर्दछ भन्नेमा ३५.७१% उत्तरदाता रहेका छन् । यसबाट राष्ट्रपतिलाई केही महत्वपुर्ण जिम्मेवारी सहित सिमित भूमिका दिईनुपर्ने पक्षमा जनता रहेको विश्वास गर्न सकिन्छ ।
- शिक्षा र राष्ट्रपति एवं शासकीय स्वरुपको अन्तरतालिका अध्ययनबाट शिक्षित उत्तरदाताको आकर्षण सिमित अधिकार सहितको राष्ट्रपति र मिश्रीत शासन प्रणालीमा देखिन्छ ।

नेपालमा लोकतन्त्र प्राप्तिको लागि निरन्तर चलेको आन्दोलनले देशको राजनीति संरचनालाई परिवर्तन गरेकोले जनताको चाहनालाई छोडेर जान सक्ने अवस्था राजनितिक दलहरुलाई देखिदैन त्यस्तै गरी जनता पनि आ आफ्नो पक्षमा राजनीतिक प्रणालीलाई पार्ने सोचमा भएको देखिएकाले यसतर्फ विशेष चनाखो अपनाउनुपर्ने देखिन्छ । जसले गर्दा सवै राजनीतिक दलहरुको चाहना आंशिक रुपमा भए पनि संवोधन होओस त्यस्तै गरी जनताहरुले पनि कुनै न कुनै रुपमा आफ्नो माग पुरा भएको महशुस गर्न पाउन भन्ने विषयमा राजनीतिक दलहरुले विशेष चनाखो हुनुपर्ने देखिन्छ ।

- जनतासँग गरिएको संर्वेक्षणले पनि राजनीतिक दलहरुको आ आफ्नै अडान जस्तै नतिजा दिएको छ । खासगरी राष्ट्रपतिलाई राजाको तुलनामा जनताको प्रतिनीधिको रुपमा धेरै जसोले स्वीकार्नु, मिश्रीत प्रणालीमा वहुमत उत्तरदाताको विश्वास देखिनु एवं संवैधानिक रुपमा राष्ट्रपतिलाई राख्नुपर्ने कुरामा उत्तरदाताको संख्या वढि हुनुले भोलिको नेपाली राजनीतिमा मिश्रित प्रणाली भएतापनि राष्ट्रपतिलाई केही अधिकार र धेरै अधिकार सहितको प्रधानमन्त्री व्यवस्था गरिनुपर्ने हुन्छ । शासकीय स्वरुपको विवादमा नेपालले स्थिरता एवं जवाफदेहिता दुवै खोजेको छ । यसको लागि राष्ट्रपतिलाई केही सीमित अधिकार व्यवस्था गरी धेरै अधिकारसहितको प्रधानमन्त्रीको व्यवस्था गर्दा उपयुक्त हुने देखिन्छ । दैनिक शासनसँग सम्बन्धित कार्य गर्नु नपर्ने भएकोले सिमित

अधिकारसहितको राष्ट्रपति राष्ट्रको प्रथम नागरिकका रुपमा विवादमुक्त हुन्छन् । राष्ट्रपति सिमित अधिकार सहितको बनाउँदा समावेशी हुने सम्भावना बढि हुन्छ जसले गर्दा राष्ट्रका विभिन्न जातजाति भेषभूषा, धर्मसंस्कृति, जीवनपद्धति अपनाएका नागरिकहरुले अपनत्वको भावनाको अनुभव गरी देशलाई आफ्नो साझा फूलबारीको रुपमा बुझेर आफूलाई फुलाउने फलाउने कार्य गर्न सक्दछन् ।

<u>सन्दर्भ सामाग्रीहरुः</u>

अधिकारी, रविन्द्र (२०६३), **संविधानसभा लोकतन्त्र र पुनः संरचना**, पोखराः न्यू हेलो स्टेशनरी ।

कँडेल, देवीप्रसाद (२०५५), **नेपालको इतिहास (१७४१-१९५१)**, काठमाण्डौंः रत्न पुस्तक भण्डार ।

कुँवर, जगत बहादुर (२०६५), **नेपालको अन्तरिम संविधान २०६३ मा प्रधानमन्त्रीको स्थान एक अध्ययन**, अप्रकाशित शोध, पोखराः राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

डाहल, रवर्ट ए. (२००५), **प्रजातन्त्रका बारेमा**, काठमाण्डौंः क्रिएशन मिडिया प्रा.लि.।

दाहाल गिरधारी (२०६३), **सुदृढ नेपालको निम्ति राज्यको पुनः संरचना**, राजनीतिशास्त्र विद्यार्थीसंघ पोखराको अन्तर्क्रियात्मक कार्यक्रममा २०६८।८।६ मा प्रस्तुत कार्यपत्र ।

दाहाल, देवराज (२०६४), **नेपालमा राज्य निर्माण र सामाजिक रुपान्तरण**, पोखरामा आयोजित संविधानसभा र राज्यको पुनः संरचना सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

दाहाल, प्रकाश, दाहाल, विश्वरुप (२०६६) **सार्वजनिक प्रशासन सिद्धान्त र व्यवहार**, काठमाण्डौंः पिनाकल पब्लिकेशन ।

**नेपालको अन्तरिम संविधान (२०६३)**, काठमाण्डौंः मकालु प्रकाशन गृह ।

नेकपा एमाले (२०६४), **निर्वाचन घोषणा पत्र**, संविधान सभा निर्वाचन ।

नेकपा माओवादी (२०६४), **प्रतिवद्धतापत्र,** संविधानसभा निर्वाचन ।

नेपाली काँग्रेस (२०६४), **निर्वाचन घोषणा पत्र**, संविधान सभा निर्वाचन ।

न्यौपाने, माधव (२०६३) **नेपालमा संवैधानिक राजतन्त्रको सैद्धान्तिक तथा व्यहारिक पक्ष,** अप्रकाशित शोध, पोखराः राजनीतिशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

बराल, उमानाथ (२००६), "जनआन्दोलन-२ को सन्देशः संविधानसभा, समावेशी लोकतन्त्र र राज्यको पुनः संरचना", **जनरल अफ पोलिटिकल साइन्स भोलुम नौ**, पोखराः राजनीतिशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

बराल, लोकराज (२०६५), "संसदीय प्रणालीले सवैलाई समेटेर लैजान्छ", **हिमाल खवरपत्रिका,** १-१५ पुष, २०६५ ।

बस्नेत, पूर्ण (२०६५), "यसरी आयो गणतन्त्र" **हिमाल खबरपत्रिका,** १६-३२ जेष्ठ, २०६५ ।

भट्टराई, टिकाराम (२०६८), “विकल्प मौलिक संसदीय प्रणाली”, **नेपाल साप्ताहिक,** १ माघ २०६८ ।

भूर्तेल, भरत (२०६७), “टाकुरामा एक्लो मान्छे”, ललितपुरः जगदम्बा प्रकाशन ।

मानन्धर, त्रिरत्न, शर्मा निरञ्जन (२०५३), **आधुनिक नेपालको राजनैतिक इतिहास (२००७-१९),** काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

रेग्मी, पद्मशरण (२००५), “माघ १९ को शाहीकदमः नेपाली राजनीतिमा यसको प्रभाव”, **जनरल अफ पोलिटिकल साइन्स भोलुम आठ,** पोखराः राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

रोक्का, हरि (२०६५), “राष्ट्रपतीय प्रणाली स्थिरता दिन्छ”, **हिमाल खबरपत्रिका** १-१५ पुष, २०६५ ।

संग्रौला, युवराज (२०६४), **नेपालका राजनीतिक समस्याः विश्लेषण र रुपान्तरणका प्रक्रियाहरु**, भक्तपुरः काठमाण्डौं स्कुल अफ ल ।

संविधानसभा राज्यको शासकीय स्वरुप निर्धारण समिती (२०६५): **अवधारणापत्र एवं व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन**, काठमाण्डौंः संविधानसभा सचिवालय, सिंहदरबार

**http://countrystudies.us/united.states/government_2.htm** accessed 12 October 2011

**http://en.wikipeda.org/wiki/republic** accessed 15 October 2011

**http://en.wikipeda.org/wiki/parliamentary_system** accessed 13 October 2011

**http://en.wikipeda.org/wiki/presidential_system** accessed 15 October 2011

**http://www.bookrays.com/research/presidential_systems_gwor** accssed 10 October 2011

**http://www.maturita.cz/referty/anglictina/british_system_of_government_htm** accessed 5 November 2011

Kapur, Anup Chand (1999): **Select Constitution**, New Delhi: S Chand and Company Ltd.

Nepal: Timline of the constitution dilemma, **www.irinnews/report/93616/nepal_timeline_of_the_constitution_dilemma** accssed 20 Dec. 2011

**www.clas.ufl.edu/users.kreppel/semipresidentism.pdf** accssed 20 Dec. 2011

**www.elibraryusa.com/Britannica Academic Edition** accessed 16 Dec. 2011

## अनुसुची १

## प्रश्नावली

उमेर : जात/सम्प्रदाय :

लिङ्ग : शिक्षा :

पेशा : पार्टी आवद्धता

१) राष्ट्रपतिलाई राजाको तुलनामा के फरक पाउनुभयो ?

i) निर्वाचित एवं जनताको प्रतिनिधि

ii) दुवै उस्तै हुन् ।

iii) थाहा छैन

२) नेपालमा राष्ट्रपतिको भूमिका तत्कालिन समयमा कस्तो लागेको छ ?

i) संक्रमण अनुसार ठीक,

ii) समय अनुसार चल्न नसकेको,

iii) थाहा छैन,

३) प्रस्तावित शासकीय स्वरुपबारे तपाईलाई कुन ठीक लाग्छ ?

i) प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति

ii) संसदबाट निर्वाचित राष्ट्रपति

iii) थाहा छैन

४) शासकीय स्वरुपको विवादको समाधानको लागि मिश्रित मोडेल तपाईलाई कस्तो लाग्छ ?

i) सबैको निकास दिन्छ ।

ii) शक्तिसंघर्ष चर्कन सक्छ ।

iii) थाहा छैन

५) तपाईको विचारमा राष्ट्रपतिलाई कस्तो अधिकार दिइनुपर्छ ?

i) कार्यकारी अधिकार (आफै निर्णय लिन सक्ने)

ii) राज्य प्रमुखको रुपमा केही सिमित अधिकार

iii) थाहा छैन ।